# प्रभाव दैनिक

National Daily

ई-पेपरका लागि

वर्ष ९ | अंक ३२६ | काठमाडौं | सोमबार, १३ चैत २०७९ | Prabhab National Daily | Monday, March 27, 2023 | www.prabhabonline.com | पृष्ठ ८ | मूल्य रू. ५।-


# 'कोशी' मुद्दा संघीय संसद्मा

### पहिचानवादी आन्दोलनकर्मी पदम लिम्बूको यही ५ चैतमा मृत्यु भएपछि कोशी प्रदेशमा जारी आन्दोलनले संघसम्म तरंग ल्याएको छ

■ **जेबी योञ्जन**





संघीय गणतन्त्रमा पहिचान माग्नेको हत्या गर्नु दुःखद्

■ **अशोक राई**



सरकार र दलहरूले कोशी समस्याको समाधान छिटो गरोस्

■ **दुर्गा राई**



संसद्मा अंकगणित मात्रै होइन, जनभावना पनि ख्याल गरियोस्

■ **सिके राउत**

**काठमाडौं–** प्रदेशको नाम 'कोशी' खारेज गरेर ऐतिहासिक पृष्ठभूमिको आधारमा पुनः नामांकनको मागसहित पहिचानवादीहरूले गरेको आन्दोलनमा प्रहरीले दमन गरेको भन्दै सरकारको चर्को आलोचना भएको छ। प्रहरी दमनले पहिचानवादीहरूको आन्दोलन निस्तेज नहुने संघीय सांसदहरूले बताएका छन्।

पहिचानवादी आन्दोलनकर्मी लाजेहाङ सुक्वाबा भनिने पदम लिम्बूको यही ५ चैतमा प्रदेश राजधानी विराटनगरमा मृत्यु भएको थियो। पहिचानवादीहरूको प्रदर्शनका क्रममा गम्भीर घाइते भई उपचाररत उनको मृत्यु भएपछि आन्दोलन थप चर्कने संकेत देखिएको छ। यो घटनाले अहिले राष्ट्रिय राजनीति तताएको छ। यहीबीच प्रतिनिधिसभामा सांसदरूले यो विषयलाई महत्त्वका साथ उठाएका छन्।

जनता समाजवादी पार्टी (जसपा)का सांसद अशोककुमार राईले देश संघीय गणतन्त्रमा आइपुग्दा पनि पहिचान माग्नेहरूमाथि प्रहरीले दमन गरेर हत्या गर्नु दुःखद् भएको बताए। उनले यस्ता खालका घटना शृंखलाहरूको अन्त्य हुनुपर्नेमा जोड दिए। 'यही लोकतन्त्रभित्र, गणतन्त्र र संघीयताभित्र पहिचान माग्ने आन्दोलनकारीको ज्यान लिने शृंखलाको एउटा कडी फेरि थपिनु अत्यन्तै दुःखद् छ। निन्दनीय छ। यस्ता घटनाका शृंखलाको अन्त्य हुनुपर्छ,' सांसद राईले आइतबार संसद् बैठकमा भने।

प्रदेशसभाको दुई तिहाइ बहुमतले १७ फागुनमा प्रदेशको नाम 'कोशी' पारित गरेपछि पहिचानवादीहरू आन्दोलित छन्। उनीहरूले आइतबार प्रदेशको १४ वटै जिल्लामा एक घण्टा चक्काजाम गरेका छन्। उनीहरूले आन्दोलनकै क्रममा लाजेहाङ गुमाएपछि सरकारलाई चेतावनी दिँदै भनेका पनि छन्, 'राजनीतिक बद्ला लिन्छौं।'

मुख्यमन्त्री हिक्मतकुमार कार्की, नेकपा माओवादी केन्द्र कोशी प्रदेश संसदीय दलका नेता इन्द्रबहादुर आङ्बो, सोही प्रदेशका कांग्रेस संसदीय दलका नेता उद्धव थापासहित ८२ जना सांसदको विरोध गरिरहेका छन्। (बाँकी पृष्ठ ७ मा)

## आन्दोलन 'असंवैधानिक' भएको टिप्पणी

**काठमाडौं (प्रस)–** प्रदेशको 'कोशी' नामाकरणलाई लिएर भइरहेको पहिचानवादीहरूको आन्दोलनलाई एमाले, कांग्रेस, माओवादी र राप्रपाले असंवैधानिक गतिविधि भएको टिप्पणी गरेका छन्। यस्ता गतिविधि तत्काल बन्द गर्न यी दलहरूको आग्रह छ। आन्दोलनले सामाजिक सद्भावमा खलल पुग्ने पनि भनिएको छ।

पहिचानवादीहरूको आन्दोलन चर्किँदै जाँदा आइतबार जारी विज्ञप्तिमा भनिएको छ, 'नामाकरणको विषयलाई लिएर भइरहेका सामाजिक सद्भावमा खलल पुग्ने तथा असंवैधानिक गतिविधि तत्काल बन्द गरी शान्तिपूर्ण ढंगबाट आफ्ना मत र मुद्दालाई स्थापित गर्न तथा संवाद, वार्ता र छलफलको माध्यमबाट समस्याको समाधान सरकारलगायत सम्बन्धित सबै पक्षलाई हार्दिक अपिल गर्दछौं।'

प्रदेशका एमाले अध्यक्ष तुलसीप्रसाद न्यौपाने, कांग्रेस सभापति उद्धव थापा, माओवादी सचिव गणेश उप्रेती र राप्रपा अध्यक्ष राम थापाले विज्ञप्ति जारी गरेका हुन्। उनीहरूले दलहरूबीच वृहत्तर सहमति र प्रदेश संसद्को भारी बहुमतले नाम 'कोशी' राखिएको भन्दै अब पुनःनामाकरण गर्नुपरे संवैधानिक प्रक्रिया अपनाउन जोड दिएका छन्। यो अभिव्यक्तिलाई आधार मान्दा कोशी नाम राख्ने चार दलको पुनः नामाकरणमा अरुचि छ।

# 'पेट्रोल बम'को घेराभित्र काठमाडौं

■ **पूर्णिमा विक**

**काठमाडौं–** उपत्यकाका अधिकांश पेट्रोल पम्प असुरक्षित रहेको पाइएको छ। यिनै असुरक्षित पम्पका कारण काठमाडौं 'पेट्रोल बम'को घेराभित्र रहेको संकेत गरेको छ।

बाहिरबाट हेर्दा पेट्रोल पम्पमा आगो निभाउने फायर एक्स्टिङगुइजर (आगो निभाउने यन्त्र) राखिएको छ। धूमपान निषेध लेखिएको छ। सुरक्षित नै छ नि भन्ने धेरैलाई लाग्न सक्छ। तर, त्यतिले मात्र हामी सुरक्षित छैनौं। अधिकांश पेट्रोल पम्पहरु सुरक्षा मापदण्ड पालना नगरी सञ्चालनमा रहेका छन्। जसले उपत्यकामा जोखिम बढाएको छ।

> काठमाडौंमा रहेका अधिकांश पेट्रोल पम्प पुरानो विनियमावली मापदण्डअनुसार सञ्चालन भइरहेको पाइएको छ। जसले उपत्यकामा जोखिम बढाएको छ।

पेट्रोल पम्पका लागि सरकारले सुरक्षा मापदण्ड तोकेको छ। नेपालमा पहिलोपटक २०५५ सालमा पेट्रोलियम पदार्थ बिक्रेता विनियमावली बनेको थियो। सो मापदण्ड २०६५ सालमा संशोधन गरियो। अहिले पेट्रोलियम पदार्थ बिक्रेता विनियमावली, २०७५ ले पेट्रोल पम्प सञ्चालनलाई निर्देशित गरेको छ। यस विनियमावलीले पेट्रोलियम बिक्रीस्थलको क्षेत्रफल तथा बिक्रीस्थलमा उपलब्ध हुने पूर्वाधारका आधारमा बिक्रेतालाई नमूना पम्प 'क' वर्ग, साधारण बिक्रेता 'ख' वर्ग, पेट्रोल बिक्रेता 'ग', प्याक्ड बिक्रेता 'घ' र मट्टीतेल बिक्रेता 'ङ' वर्ग गरी पाँच भागमा विभाजन गरेको छ।

काठमाडौंमा रहेका अधिकांश पेट्रोल पम्प पुरानो विनियमावली मापदण्डअनुसार सञ्चालन भइरहेको पाइएको छ। विनियमावली परिवर्तन भए पनि पेट्रोल पम्पहरुको स्वरुप भने फेरिएको छैन। नेपाल आयल निगमका प्रवक्ता विनितमणि उपाध्यायले पहिले स्थापना भएका पेट्रोल पम्पहरु पुरानो मापदण्डअनुसार बनेको बताए। नयाँ पेट्रोल पम्प सञ्चालन गर्न तथा भएका पेट्रोल पम्पलाई स्थानान्तरण गर्न पेट्रोलियम पदार्थ बिक्रेता विनियमावली, २०७५ को मापदण्ड पालना गर्नुपर्ने उनको भनाइ छ। उनले हाल सञ्चालनमा रहेका ८० प्रतिशत पेट्रोल पम्प जोखिममा रहेको र मापदण्ड विपरीत रहेको स्वीकार गरे।

काठमाडौं महानगरभित्र भएका अधिकांश पम्पहरु साधारण बिक्रेता रहेका छन्। साधारण बिक्रेताले जुनसुकै समयमा पेट्रोल पम्प सञ्चालन गर्न नपाउने उनले बताए। आयल निगमको प्रक्रिया पुर्‍याएर न्यूनतम दुई रोपनी आठ आना जग्गामा सञ्चालन गर्न सकिने उनले बताउनुभयो। पुरानो मापदण्डमा सञ्चालनमा रहेका पम्पहरु जोखिम (बाँकी पृष्ठ २ मा)

सन्दर्भ : वैदेशिक रोजगार

# नि:शुल्क टेलिमेडिसिन सञ्चालन गर्दै बोर्ड

■ **प्रभाव संवाददाता**




**काठमाडौं–** वैदेशिक रोजगार बोर्डको सचिवालयले रोजगारीका लागि विदेश गएका नेपाली कामदारहरूलाई लक्षित गर्दै टेलिमेडिसिन सेवा सञ्चालन गर्न लागेको छ। टेलिमेडिसिन सेवा सञ्चालन कार्यविधि, २०७९ बमोजिम टेलिमेडिसिन सेवा यही चैत १५ गते बुधबारबाट सञ्चालन हुने बोर्डले जानकारी दिएको छ।

टेलिमेडिसिन सेवा सञ्चालन गर्न श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयले गत फागुन २ गते 'टेलिमेडिसिन सेवा सञ्चालन कार्यविधि, २०७९' स्वीकृत गरेको थियो। बोर्डले सचिवालयले एक आइतबार एक विज्ञप्ति जारी गर्दै उक्त कार्यविधि कार्यान्वयनमा लैजान लागेको उल्लेख गरेको छ। विदेशमा रहेका नेपाली कामदारलाई आवश्यकताअनुसार उक्त सेवा लिनसक्ने जनाउँदै आफ्नो स्वास्थ्यप्रति सजगता अपनाउन पनि बोर्डले आग्रह गरेको छ। सेवा लिन चाहने कामदारले मोबाइल नम्बर ९८५१३४५७०१ र ९८५१३४५७०२ को भाइबर, ह्वाट्स एप वा इमोलगायतका सामाजिक सञ्जालबाट फोन गर्न सकिने उल्लेख छ।

उक्त माध्यमबाट आएका कामदारको स्वास्थ्य अवस्थाबारे टेलिमेडिसिनका मेडिकल अधिकृतले जानकारी लिने व्यवस्था गरिएको छ। उनीहरूलाई विशेषज्ञ सेवा आवश्यक परेमा मेडिकल अधिकृतको सिफारिसमा हरेक आइतबार र शुक्रबार उक्त सेवा उपलब्ध गराइने जनाउँदै सार्वजनिक बिदाका दिनबाहेक नेपाली कार्यालय समयबमोजिम नै सेवा प्रवाह हुने बोर्डले जानकारी दिएको छ। विशेषतः आइतबार र शुक्रबार गन्तव्य मुलुकमा सार्वजनिक बिदा पर्ने भएकोले कामदारहरूको सहजताका लागि उक्त दिनमा विशेषज्ञ सेवा उपलब्ध गराउने तयारी गरिएको बताइएको छ।

विभिन्न मुलुकमा वैदेशिक रोजगारीमा गएका श्रमिक/कामदारको हितमा कल्याणकारी कार्य सञ्चालन गरिरहेको र यस्ता कल्याणकारी कार्य सरल, सहज, पारदर्शी र अनुमानयोग्य आधारमा सञ्चालन हुने बोर्डका कार्यकारी निर्देशक डा. द्वारिका उप्रेतीले बताए। 'वैदेशिक रोजगारीमा रहेका नेपाली कामदारहरूको स्वास्थ्यसम्बन्धी समस्या समाधानका लागि आवश्यकता अनुसार समयमा नै सल्लाह, सुझाव र परामर्श सेवा उपलब्ध गराउने उद्देश्यले टेलिमेडिसिन सेवा सञ्चालन गर्न लागिएको हो,' उनले भने, 'यसमा लाग्ने सम्पूर्ण खर्च वैदेशिक रोजगार बोर्डले नै बेहोर्ने भएकाले श्रमिकहरूले प्राप्त गर्ने यो सेवा पूर्णतः निःशुल्क हुनेछ।' उनले विदेशमा रहेका श्रमिकहरूलाई आवश्यककता बमोजिम स्वास्थ्य सेवा लिनसमेत आग्रह गरेका छन्।

बोर्ड सचिवालयले 'टेलिमेडिसिन' सेवा सञ्चालनका लागि मुलुककै जेठो र पूर्णत सरकारी स्वामित्वको वीर अस्पतालसँग सम्झौता गरेको छ। सेवा प्रवाहमा साझेदारी गर्ने बीर अस्पतालको भूमिका उल्लेखनीय रहेको भन्दै वैदेशिक रोजगारीमा रहेका लाखौं श्रमिक लाभान्वित हुने बोर्डका निर्देशक एवं सूचना अधिकारी राजन पौडेलले बताए। उनका अनुसार कामदारले कम्तीमा जनरल फिजिसियन, मनोसामाजिक परामर्शकर्ता वा मनोचिकित्सकहरूबाट टेलिमेडिसिन सेवा प्राप्त गर्न सक्ने छन्।

यसअघि चैत ८ गते श्रम मन्त्रालयको जिम्मेवारीसमेत सम्हालिरहेका प्रधानमन्त्री पुष्पकमल दाहालले वैदेशिक रोजगारीमा रहेका श्रमिकहरूलाई सामाजिक सुरक्षा कोषमा आबद्ध गराउनुका साथै टेलिमेडिसिन सेवा उपलब्ध गराउने निर्णय भएको बताएका थिए। उनले विदेशमा रहेका श्रमिकलाई माया र सद्भाव दर्शाउँदै राज्य साथैमा छ भन्ने अनुभूति दिलाउनेगरी सरकारले काम गरिरहेको बताएका थिए।

# बेलारूसमा अलपत्र महिलाहरु स्वदेश फिर्ता

**काठमाडौं (प्रस)–** वैदेशिक रोजगारीको क्रममा बिचौलियाको फन्दामा परी बेलारुस पुगेर अलपत्र परेका नौ जना नेपाली महिलालाई स्वदेश फर्काइएको छ। उनीहरूलाई विभिन्न संघसंस्थाको सहयोगमा नेपाल फर्काइएको त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा आयोजित पत्रकार सम्मेलनमा जानकारी दिइएको हो।

पीडित महिलाहरूले उद्धारका लागि टिकटकमार्फत आग्रह गरेपछि नेकपा एकीकृत समाजवादी केन्द्रीय प्रचार विभाग सदस्य कृतु भण्डारीले उनीहरूको फिर्तीका लागि पहल गरेकी थिइन्। उनले ललाइफकाइ बेलारुस पुर्‍याएर अलपत्र पारिएका महिलालाई विभिन्न संघसंस्था र सरकारी निकायका सहयोगमा स्वदेश फर्काउन सफल भएको बताइन्। अलपत्र अवस्थामा उद्धार गरी फर्काइएका पीडित महिलामा सानुमाया तामाङ, कविता थापा मगर, अञ्जना मगर, रत्नमाया राई, पार्वती कितुङ, रमिता राई, सुष्मा तामाङ, मीना गुरुङ र मार्फा सोताङ राई रहेका छन्।

पीडितहरूले बेलारुसमा तोकिएभन्दा बढी दैनिक १२ घण्टा काम गर्नुपरेको र पारिश्रमिकसमेत नदिएको भन्दै दुखेसो व्यक्त गरे। उनीहरूले शारीरिक तथा मानसिक पीडा मात्र नभई डलरमा पारिश्रमिक दिने भने पनि बेलारुसमा पुगेपछि बेलारुसी ७५ रुबेल दैनिक दिने गरेको बताए। उनीहरूलाई झुक्याएर बेलारुस पुर्‍याउने एजेन्टको खोजी तथा कारबाही गर्दै क्षतिपूर्तिका लागि सम्बन्धित निकायसँग समन्वय गर्ने भट्टराईले बताइन्।






**वायु प्रदूषणको स्रोत**

चन्द्रागिरि नगरपालिका–१० सतुंगलमा रहेको इँटाभट्टामा काँचो माटोबाट बनको इँट्टा पोल्दै । यी भट्टाबाट निस्किने धुवाँ धुलोले राजधानीमा वायु प्रदूषण गराइरहेको भए पनि सरकारले हटाउन सकेको छैन । *तस्बिर: चन्द्रकला क्षेत्री/रासस*

# 'सत्ता, शक्ति र सरकारको निरन्तर खबरदारी गर्नुपर्छ'

**काठमाडौं (प्रस)–** नेपाल पत्रकार महासंघका अध्यक्ष विपुल पोखरेलले सत्ता, शक्ति र सरकारको निरन्तर खबरदारीमा पत्रकारिता क्षेत्र सक्रिय रहनुपर्ने बताएका छन् । नेपाल पत्रकार महासंघ पत्रकारिता तथा आमसञ्चार प्राज्ञिक समन्वय विभागले आइतबार यहाँ आयोजना गरेको कार्यक्रममा उनले सो कुरा बताएका हुन् ।




पत्रकारिताका विषयमा उठ्ने प्रश्न सुन्न र स्वीकार गर्न तयार रहेको उल्लेख गर्दै उनले सुनेका विषयलाई सुधार गरिने प्रतिबद्धता जनाए । 'पत्रकारिता क्षेत्रले उठाउने विषय विश्वसनीय हुनुपर्छ, लोकतन्त्रलाई जीवन्त बनाउन संसद्ले भन्दा ठूलो काम पत्रकारले गर्न सक्छ, पत्रकारितामा लाग्ने संख्याका आधारमा दक्षजनशक्ति छैनन्, दक्षजनशक्तिले पनि काम गरे अनुसार श्रमको मूल्य पाउँदैनन्, राजनीतिक स्थायित्व र दलका गुटगत प्रभावले पनि पत्रकारितामा प्रभाव पारेको छ,' अध्यक्ष पोखरेलले भने ।

त्रिभुवन विश्वविद्यालय, केन्द्रीय आमसञ्चार तथा पत्रकारिता विभागका प्रमुख प्रा चिरञ्जीवी खनालले सिक्ने र सिकाउने क्रम निरन्तर जारी नराखे पत्रकार 'फेज आउट' हुने बताए । सबैको खबरदारी गर्ने पेसामा लाग्ने पत्रकार आफैँ जिम्मेवार हुनुपर्ने उनको भनाइ थियो । 'पत्रकारिता राजनीति केन्द्रितबाट व्यक्ति केन्द्रित हुँदै जान थालेको छ, विषय केन्द्रित गराउन अझै सकिएको छैन, पत्रकारितालाई विषय केन्द्रित बनाउन महासंघलगायत सरोकारवाला निकायको ध्यान जानुपर्छ,' प्रा खनालले भने ।

कार्यक्रममा प्रेस काउन्सिल नेपालका अध्यक्ष बालकृष्ण बस्नेतले युटचुबरलाई सञ्चारमाध्यमका रूपमा प्रस्तुत हुने अवसर दिन लागिएको जानकारी गराए । उनले युटचुबलाई सकारात्मक माध्यमका रूपमा अघि बढाइने प्रतिबद्धता व्यक्त गरे । महासंघका पूर्वअध्यक्षसमेत रहेका सञ्चारविज्ञ डा. सुरेश आचार्यले हामीले गरेको पत्रकारिताले समाजलाई केही दियो कि दिएन भनी हेर्नुपर्ने समय आएको बताए । समाजका समस्या जनसमक्ष ल्याइदिए त्यो समाचार हुने भएकाले नेपाली पत्रकारिता त्यसतर्फ केन्द्रित हुनुपर्नेमा उनले जोड दिए । सञ्चार जगतले स्वनियमनमा पनि ध्यान दिनुपर्ने विज्ञ आचार्यको भनाइ थियो ।

न्यूनतम् पारिश्रमिक निर्धारण समितिकी अध्यक्ष संगीता खड्काले पत्रकारिताले भित्र्याएको विकृति अन्त्यका लागि सबै एकजुट भएर लाग्नुपर्ने आवश्यकता औंल्याइन् । पत्रकारिताका माध्यमबाट महत्त्वपूर्ण काम गर्न सकिने उनको भनाइ थियो ।

महासंघका पूर्वअध्यक्ष डा. महेन्द्र विष्टले पत्रकारिता सिर्जनात्मक पेसा भए पनि प्रविधिले 'कट पेस्ट'को गति बढ्दा सिर्जनात्मकता मर्न थालेको बताए । समाज परिवर्तनका लागि पत्रकारिताका माध्यमबाट काम गर्न सकिने उनको भनाइ थियो । महासंघका महासचिव रोशन पुरीले सञ्चार माध्यममा 'कन्टेन्ट' मा लगानी हुन छोडेकाले पनि समस्या आउन थालेको देखिएको बताए । विभागका संयोजक शन्तराम विडारीले यस्ता कार्यक्रमलाई प्रदेश तहसम्म निरन्तरता दिइने बताए ।

# 'चैतभित्र विद्यार्थीको हातहातमा पुस्तक पुऱ्याउँछौं'

**भक्तपुर–** जनक शिक्षा सामग्री केन्द्र लिमिटेडले यही चैत महिनाभित्र सबै जिल्लामा विद्यालयस्तरीय पाठ्यपुस्तक पुऱ्याउने भएको छ । जनक शिक्षाले हालसम्म एक करोड ३५ लाख थान पुस्तक छपाइ सकिएको जनाएको छ ।

यस वर्ष कक्षा ६ देखि १० सम्मको एक करोड ५० लाख थान पुस्तक छपाइको जिम्मा लिएको केन्द्रले नयाँ शैक्षिकसत्र सुरु हुनुअगावै विद्यालयमा पाठ्यपुस्तक पुऱ्याउने केन्द्रका प्रबन्ध निर्देशक अनिलकुमार झाले जानकारी दिए ।

कोरोनाको महामारीको समयमा बिग्रिएको शैक्षिक सत्र यस वर्षदेखि वैशाख १ देखि नै सुरु हुने भएपछि केन्द्रले २४सै घण्टा छापाखाना सञ्चालन गरेर पुस्तक छपाइ गरिरहेको उनले बताए । उनले भने, 'यस वर्ष जनक शिक्षाले कक्षा ६ देखि १० सम्मको मात्रै पाठ्यपुस्तक छाप्ने जिम्मेवारी पाएको छ, एक करोड ५० लाख थान पुस्तक छपाइ गर्नुपर्ने हो, त्यसमध्ये एक करोड ३५ लाख थान अर्थात् ९० प्रतिशत पुस्तक छापिसक्यौं, अब बाँकी १५ लाख थान केही दिनभित्रै छपाइ सकेर जिल्ला जिल्ला पठाउछौं ।'

केन्द्रका प्रबन्ध निर्देशक झाले दैनिक एक लाख २५ हजार थान पुस्तक छपाइ गरिएको जानकारी दिँदै केन्द्रका कारण पाठ्यपुस्तक अभाव नहुने र वितरण प्रणाली प्रभावकारी बनाएर शैक्षिकसत्र सुरु हुनुअगावै जिल्ला जिल्लामा पुस्तक पुग्ने बताए ।

गत वर्ष दुई करोड थान पुस्तक छापेकामा यस वर्ष कक्षा ४ र ५ को पुस्तक छपाइको जिम्मेवारी सरकारले निजीलाई दिएपछि केन्द्रले कम पुस्तक छाप्ने भएको हो । गत वर्षको २० लाख थान पुस्तक बाँकी रहेको केन्द्रले जनाएको छ ।

छापिसकेका पुस्तक बाहिरी र दुर्गम जिल्लालाई प्राथमिकतामा राखेर शाखा कार्यालयमा पठाउने काम भइरहेको केन्द्रका बजार व्यवस्थापन शाखाका प्रमुख चित्रराज आचार्यले बताए । उनले उपत्यकासहित नजिकका केही जिल्लालाई सबै पुस्तक छपाइ सकेर अन्तिममा वितरण गर्ने बताए । 'गत वर्ष निर्वाचनको मतपत्र छपाइ भयो । कागज समयमा नआउँदा अभावका कारण छपाइमा केही समस्या आएको थियो । यस वर्ष छपाइमा कुनै समस्या छैन,' उनले भने ।

चैत २० गतेदेखि पुस्तक बिक्री सुरु हुने र दुई दिनभित्रै पुस्तक जिल्ला जिल्लामा पुऱ्याउने केन्द्रको दाबी छ । केन्द्रका अनुसार जनक शिक्षाका केन्द्रीय कार्यालय बजार व्यवस्था विभाग, बागमती प्रदेश कार्यालय भरतपुर, गण्डकी प्रदेश कार्यालय पोखरा, कोशी प्रदेश कार्यालय विराटनगर, मधेस प्रदेश कार्यालय जनकपुरमा पुस्तक पठाउनेक्रम जारी छ । लुम्बिनी प्रदेश कार्यालय सुर्खेत, सुदूरपश्चिम प्रदेश कार्यालय धनगढी र प्रादेशिक प्रेस नेपालगञ्जमा पुस्तक पठाइ त्यहाँबाट पनि वितरण गर्ने जनाएको छ ।

केन्द्रका प्रबन्ध निर्देशक झाले भने, 'यस वर्ष सरकारको योजनाअनुसार नयाँ शैक्षिक सत्रको सुरुआतमा विद्यार्थीको हातहातमा पुस्तक पुग्नेगरी केन्द्रका नौ शाखा कार्यालयमा पुस्तक पुऱ्याइसकेका छौं, देशभरका वितरण केन्द्रमार्फत विद्यार्थीको हातहातमा पुस्तक पुऱ्याउँछौं ।'

हिमाली र केही दुर्गम पहाडी जिल्लामा पुस्तक पुऱ्याउन छ दिनसम्म लाग्ने र अन्य जिल्लामा दुई दिनमै पुस्तक पुऱ्याउने उनको भनाइ छ । झाका अनुसार पुस्तक वितरणका लागि केन्द्रले वितरकसमेत छनोट गरिसकेको छ ।

पाठ्यपुस्तकको मूल्यवृद्धि भने यस वर्ष पनि नहुने भएको छ । नयाँ पाठ्यक्रम लागू भएका केही विषयको मूल्य निर्धारण हुने बताइएको छ । सरकारले निजी प्रकाशकलाई १ देखि ५ कक्षासम्मको एक करोड २० लाख थान पुस्तक छपाइको जिम्मा दिएको छ । नयाँ शैक्षिक सत्र २०८० देखि कक्षा ५, ८ र १० मा नयाँ पाठ्यक्रमसमेत लागू हुने भएपछि नयाँ पाठ्यपुस्तक छपाइ भइरहेको केन्द्रले जनाएको छ । *रासस*

## 'पेट्रोल बम'को...

पृष्ठ १ बाट जारी

अवस्थामा छन् ।

जोखिम न्यूनीकरणका लागि मापदण्ड विपरीत रहेका पम्पहरुलाई स्थानान्तरण तथा हटाउने विषयमा निगमले पम्पहरुलाई पत्राचार गरेको उनले बताए । केही व्यवसायीले जवाफ दिए पनि केही व्यवसायीहरुले हालसम्म कुनै प्रतिक्रिया नजनाएको उनको भनाइ छ ।

नयाँ विनियमावलीअनुसार नमूना पम्प जुनसुकै बेला सञ्चालन गर्न सकिन्छ । नमूना पम्प सञ्चालनका लागि पाँच रोपनी जग्गा आवश्यक पर्ने तथा दुई पेट्रोल पम्पबीचको दूरी १० किलोमिटर हुनुपर्छ । विशेषगरी काठमाडौंमा बढ्दो जनसंख्या, सवारी साधनको चापका कारणले पायक पर्ने ठाउँ उपलब्ध नहुदा मापदण्ड आफैंमा अव्यावहारिक देखिएको उनले बताए ।

पेट्रोलियम पदार्थ बिक्रेता विनियमावली २०७५ अनुसार महानगरभित्रका सोह्रखुट्टे, ढल्कु, कालिमाटी, टेकु, त्रिपुरेश्वर, मिनभवन, शान्तिनगर र सिनामंगलसम्मका पेट्रोल पम्पहरु जोखिम अवस्थामा रहेका छन् । महानगरले करिब छ वर्षअघि पेट्रोल पम्पहरूको सर्वेक्षण गरेको थियो । सो सर्वेक्षणअनुसार महानगरभित्र ६७ वटा पेट्रोल पम्प रहेका छन् । तर, पेट्रोल पम्पका सञ्चालकहरु भने मापदण्डअनुसार नै पेट्रोल पम्प सञ्चालन गरिरहेको दाबी गर्छन् । आफूहरुले सर्वसाधारणको सुरक्षालाई पनि ध्यान दिएको उनीहरु बताउँछन् ।

हाल सञ्चालनमा रहेका अधिकांश पेट्रोल पम्प पुरानै विनियमावलीको मापदण्डअनुसार सञ्चालनमा रहेका छन् । संशोधन भएको पेट्रोलियम पदार्थ बिक्रेता विनियमावली, २०७५ आएको करिब तीन वर्ष भयो । नयाँ विनियमावलीअनुसार ती सबै पेट्रोल पम्पहरु मापदण्डविपरीत रहेका छन् । मापदण्डविपरीत रहेका पम्पहरु त्यतिकै जोखिम अवस्थामा छन् । नेपाल आयल निगम, वाणिज्य विभाग तथा गुणस्तर विभागले पेट्रोल पम्पहरुको अनुगमन गरे पनि अझै पेट्रोल पम्पहरु जोखिममुक्त हुन सकेका छैनन् । महानगरलाई सुरक्षित सहर बनाउनका लागि अन्य क्षेत्रजस्तै पेट्रोप पम्पलाई पनि सुरक्षित गराउनेतर्फ सरोकारवाला निकायले ध्यान दिनुपर्नेमा सरोकारवालाले जोड दिएका छन् ।



**आचार्य श्री स्वामी ध्रुव, माइण्ड मेनेजमेन्ट गुरु**
**इन्टरनेसनल एस्टोलोजिकल फोरम**
**सानेपा, काठमाडौं, नेपाल**
**फोन : ९८४१५९२५५२,**
Email: dhruvswamig@gmail.com

चैत १३ गते, सोमबार

| | |
|---|---|
| **मेष** | महिला वा मित्रबाट विशेष सहयोग पाइनेछ । |
| **वृष** | दाम्पत्य सुखले प्रसन्न र प्रफुल्लित भइनेछ । |
| **मिथुन** | अभिभावकको आशीर्वादले काम गर्नसक्छ । |
| **कर्कट** | आँटेको र ताकेको कार्य पुरा होला । |
| **सिंह** | आज कुनै कुराले अनुहारमा चमक आउनेछ । |
| **कन्या** | राजनैतिक र सामाजिक कार्यमा सफलता मिल्नेछ । |
| **तुला** | नजिकको व्यक्तिबाट धोका पाइएला, सचेत रहनुहोला । |
| **वृश्चिक** | आफूसँग भएको क्षमता प्रदर्शन गर्ने अवसर जुट्ला । |
| **धनु** | काम देखाएर अरूको मन लोभ्याउन सकिनेछ । |
| **मकर** | प्रणयसम्बन्ध र रतिराग बढाउने समय रहेको छ । |
| **कुम्भ** | सवारी साधन चलाउँदा वा बाटो काट्दा होस राख्नुपर्छ । |
| **मीन** | आज सद्विचारले अभिप्रेरित हुनेहरूलाई बिस्तारै लाभ हुनेछ । |

## प्रहरी तथा एम्बुलेन्स

| | |
|---|---|
| प्रहरी कन्ट्रोल क प्रहरी | १०० |
| जिल्ला प्रहरी (काठमाडौं) | ४२६१९४५/४२६१७९० |
| जिल्ला प्रहरी (ललितपुर) | ५५२१२०७ |
| जिल्ला पहरी भक्तपुर) | ६६१४८२१ |
| आकस्मिक पहरी सेवा | ४२२६९९९ |
| परोपकार एम्बुलेन्स सेवा | ४२६०८५९ |
| बिशालबजार एम्बुलेन्स सेवा | ४२४४१२१ |
| रेडक्रस एम्बुलेन्स सेवा | ४२२८०९४ |
| ललितपुर रेडक्रस एम्बुलेन्स सेवा | ५५४५६६६ |
| अग्रवाल सेवा केन्द्र | ४४२४८७५ |
| बाल हेल्पलाइन नेपाल | १०९८ |
| वालवालिका खोजतलास समन्वय केन्द्र | १०४/४२२६००६ |

## अस्पताल र विविध

| | |
|---|---|
| दमकल | १०१ |
| रक्तसञ्चार केन्द्र | ४२२५३४४ |
| नेपाल आँखा बैंक | ४४९३६८४ |
| नेपाल आँखा अस्पताल | ४२५०६९१ |
| मध्यपुर अस्पताल, भक्तपुर | ०१-६६३१६५८ |
| तिलगंगा आँखा अस्पताल | ४४९३६८४ |
| वीर अस्पताल | ४२२१९८८ |
| त्रिवि शिक्षण अस्पताल | ४४१२७०७ |
| प्रसूति गृह | ४२५३२७६ |
| टेकु अस्पताल | ४२५३३९६ |
| पाटन अस्पताल | ५५२२२७८ |
| भक्तपुर अस्पताल | ६६१०६७६ |
| मानसिक अस्पताल | ५५२१३३३ |
| कान्ति बाल अस्पताल | ४४१४७९८/४४२७४५२ |
| काठमाडौं मोडेल अस्पताल | ४२४०८०५/६ |
| बी एण्ड बी अस्पताल | ५५३३२०६ |
| मेडिकेयर नेसनल अस्पताल | ४४६७०६७ |
| मेडिकेयर नेसनल अस्पताल (एम्बुलेन्स) | ४४६७०६७ |
| फ्रेन्डस् अफ शान्ता भवन | ४४७०१८१ |
| नेपाल अर्थोपेडिक अस्पताल | ४४९३७२५ |
| काठमाडौं मेडिकल कलेज तथा शिक्षण अस्पताल, सिनामंगल | ४४७६१५२ |
| नेपाल मेडिकल कलेज तथा शिक्षण अस्पताल, जोरपाटी | ४९११००८ |
| कान्तिपुर डेण्टल हस्पिटल, महाराजगन्ज | ४३७०१३६ |
| कान्तिपुर हस्पिटल, सुविधानगर, तिनकुने | ४१११९५७/८५८ |
| ॐ हस्पिटल एण्ड रिसर्च सेन्टर | ४४७६२२५ |
| नर्भिक, थापाथली | ४२५८५५४ |
| सहिद गंगालाल राष्ट्रिय हृदय रोग केन्द्र | ४३७१३२२/४३७१३७४ |
| लाइफ केयर अस्पताल | ४२२७७३५ |
| मितेरी अस्पताल | ६६३१७३६/६६३४०१६ |
| क्यापिटल हस्पिटल (प्रा.) लि. | ४२४४०२२ |
| श्री सत्यसाइ निःशुल्क एम्बुलेन्स/शववाहन (पूर्व काठमाडौं) | ४४९८०३५ |
| निःशुल्क होमियो दातव्य चिकित्सालय/शववाहन सेवा | ४२५५५४०/४२५५५४१ |
| (काठमाडौं) भक्तपुर रेडक्रस | ६६१२२६६ |
| एम्बुलेन्स/रक्तसञ्चार सेवा नेसनल किड्नी सेन्टर | ४३६३४५२/४३६०८८९ |
| मानसिक अस्पताल | ४४८०१७० |
| ह्याम्स अस्पताल, बुद्धनगर | ४७८४८४०/४७८५१५७ |
| ईशान बाल नर्सिंग होम तथा प्रसूति गृह (प्रा.) लि. | ४३५४५३७/४३८१९६२ |
| गोर्खा अस्पताल र रिसर्च इस्टिच्यूट | ४२५८५५२/४२५८५५१ |
| मनमोहन मेमोरियल अस्पताल, लैनचौर | ४४११६०५/४४२०८२३ |
| भरोसा अस्पताल प्रा.लि., बानेश्वर | ४४७४९६८/४४८९८९१ |

## शववाहन र विविध

| | |
|---|---|
| सामुदायिक मानसिक स्वा.से. केन्द्र, डांछी | ०१ ६९१२१४४ |
| जनमैत्री हस्पिटल, बालाजु | ४३६६३०१-०५ |
| विनायक अस्पताल तथा प्रसति गृह, गोंगबु | ४३८३१५२/४३८०८४८ |
| नेपाल चेम्बर अफ कमर्स | ४२३०२१३ |
| पशुपति आर्यघाट सेवा कन्द्र | ४४९२९९९ |
| देव कर्नर निःशुल्क शववाहन सेवा | ४४३४०९३ |
| नेपाल मिटर ट्याक्सी संघ | ४२२४३७४ |

## नेपाल राष्ट्र बैंक


चैत १३ गते, २०७९, २७ मार्च, २०२३

| मुद्रा | इकाई | खरिद दर | बिक्री दर |
|---|---|---|---|
| भारतीय रूपैयाँ | १०० को | १६०।०० | १६०।१५ |
| अमेरिकी डलर | १ को | १३१.६८ | १३२.२८ |
| युरो | १ को | १४१.३२ | १४१.९६ |
| पाउन्ड स्टर्लिङ | १ को | १६०.७९ | १६१.५३ |
| स्विस फ्रैन्क | १ को | १४३.३६ | १४४.०२ |
| अस्ट्रेलियन डलर | १ को | ८७.४६ | ८७.८६ |
| क्यानाडियन डलर | १ को | ९५.५७ | ९६.०१ |
| सिंगापुर डलर | १ को | ९८.७२ | ९९.१७ |
| जापानी येन | १० को | १०.१५ | १०.२० |
| चिनियाँ युआन | १ को | १९.१५ | १९.२३ |
| साउदी अरब रियाल | १ को | ३५.०५ | ३५.२१ |
| कतारी रियाल | १ को | ३६.१७ | ३६.३३ |
| थाई भाट | १ को | ३.८६ | ३.८७ |
| संयुक्त अरब इमिरेट दिराम | १ को | ३५.८५ | ३६.०२ |
| मलेसियन रिंगेट | १ को | २९.७४ | २९.८७ |
| दक्षिण कोरियन वन | १०० को | १०.०९ | १०.१४ |
| स्विडिस क्रोनर | १ को | १२.६२ | १२.६८ |
| डेनिस क्रोनर | १ को | १८.९७ | १९.०५ |
| हङकङ डलर | १ को | १६.७८ | १६.८५ |
| कुवेती दिनार | १ को | ४३०.१९ | ४३२.१५ |
| बहराइन दिनार | १ को | ३४९.१८ | ३५०.७७ |

यो विनिमय दरलाई बैंकले आवश्यकता अनुसार जुनसुकै समयमा पनि संशोधन गर्न सक्नेछ । वाणिज्य बैंकहरूले ताक्ने विनिमय दर भने फरक हुन सक्नेछ । अद्यावधिक विनिमय दर बैंकको वेभसाइट www.nrb.org.np मा उपलब्ध हुनेछ ।

# 'आफ्नै कमजोरीले संघीयताप्रतिको वितृष्णा चुलियो'

■ प्रभाव संवाददाता



**काठमाडौं–** नेपाली कांग्रेसका नेता डा. शेखर कोइरालाले पछिल्लो समय आफ्नै कमी कमजोरीले संघीयताप्रतिको वितृष्णा चुलिँदो भएको बताएका छन् ।

'अब हामी ढिलो नगरी जनअपेक्षाअनुरूप संसद्, सरकार र प्रतिपक्ष सबै एकै ठाउँमा उभिएर नागरिक चिन्तालाई सम्बोधन गर्न अगाडि बढ्नुको विकल्प छैन,' प्रतिनिधिसभाको आइतबारको बैठकको विशेष समयमा बोल्दै उनले भने, 'हाम्रा कमी कमजोरीले संघीयता र प्रदेश संरचनाप्रतिको वितृष्णा दिनप्रतिदिन चुलिँदो छ । यो हाम्रो राजनीतिक प्रणालीको असफलताको पहिलो खुड्किलो हो ।'

उनले २०४८ सालमा ल्याएको सुधारको शृंखलालाई निरन्तरता दिन नसक्दा नै अहिले समस्या उत्पन्न भएको धारणा राखे । उनले लोकतान्त्रिक राजनीतिक प्रणालीले विशिष्ट मूल्यपद्धति र नैतिक मूल्यको अपेक्षा गर्ने उल्लेख गर्दै राजनीतिक पद्धति जतिसुकै राम्रो भए पनि त्यसअनुरूप व्यवहार नभएको बताए । उनले देशमा अराजकताले मात्रै प्रश्रय पाउँदा राजनीतिक उपलब्धि पनि धरापमा पर्ने उल्लेख गरे ।

सरकारको सामु चुनौतीको चाङ भए पनि नागरिकलाई भरोसा र विश्वास लिएर अगाडि बढ्दा अवसरका अपार सम्भावना रहेको उनको भनाइ छ । उनले देशको सबल अर्थतन्त्रका लागि फजुल खर्च कटौती गर्दै राजनीतिक सहमति कायम गरी अघि बढ्न आग्रह गरे ।

नागरिकको विश्वास र संसद्को समर्थनबाट देशमा देखापरेको अर्थतन्त्रको संकट सम्बोधन गरेर समृद्धिको यात्रा तय गर्न सकिने उनको धारणा छ । 'यसका लागि प्रधानमन्त्रीले इच्छाशक्तिले मात्रै पुग्दैन,' उनले भने, 'सम्पूर्ण मन्त्रीमण्डललाई नैतिकरूपमा तलमाथि गर्न नदिने प्रण गर्नुपर्छ ।'

समाजवाद भ्रष्टाचारको जगबाट नआउने भन्दै उनले समन्यायिक समाज बनाउन विचार, व्यवहार र दृष्टिकोण आवश्यक पर्ने बताए । 'साझा संकल्प र प्रयत्नबाट अर्थतन्त्रलाई चलायमान बनाउन निजी क्षेत्रको विश्वास जित्न सकिन्छ, विश्वबाट लगानीको अवसर नेपाल भित्र्याएर बेरोजगारीलाई सम्बोधन गर्न आवश्यक छ,' उनले भने ।

सरकारी निकायले उद्योग-व्यवसायमाथि झन्झट थोपर्ने, दोहन गर्ने र हैरान पार्ने काम बन्द गर्नुपर्ने, उद्योग-वाणिज्य महासंघ, उद्योग परिसंघ, चेम्बर अफ कमर्शलगायतले लगानी र रोजगारी बढाउन ऐन, कानुन र प्रक्रियामा सुधारका लागि दिएका सुझावको निरपेक्ष अध्ययन गरेर आवश्यकता अनुसार सुधार गर्दै जानुपर्ने उनको भनाइ थियो ।

उनले जनतामा आशा र भरोसा नजगाई लोकतन्त्रको संरक्षण गर्न पनि नसकिने बताउँदै सम्भव भएसम्म अब सर्वांगीण आर्थिक सुधारका काम अगाडि बढाउन आग्रह गरे ।

लोकतान्त्रिक राजनीतिक प्रणालीलाई अक्सिजन दिएर बचाउने, बढाउने र जोगाउने काम आर्थिक विकासबाट मात्र सम्भव हुने उल्लेख गर्दै नेता कोइरालाले नेपालका प्रत्येक नागरिकको जीवनमा देखिनेगरी आउने दिगो सुधारले मात्र यो सम्भव हुने धारणा व्यक्त गरे ।

# क्यान्सरपीडित सिग्देललाई आर्थिक सहयोग




**काठमाडौं (प्रस)–** लायन्स क्लब अफ काठमाडौं एभरेस्ट ८८४८ र इम्पेरियल को-अपरेटिभ सर्भिसले क्यान्सरपीडित खगराज सिग्देललाई आर्थिक सहयोग गरेका छन् । वीर अस्पतालमा उपचार २२ वर्षीय सिग्देललाई ९१ हजार रूपैयाँ सहयोग गरेका हुन् ।

सिग्देल शुक्लागण्डकी-११ पुरानो राइपूर २ का स्थायीवासी हुन् । उनको उपचार सहयोगका लागि उक्त रकम हस्तान्तरण गरिएको जानकारी दिइएको छ ।

इम्पेरियल को-अपरेटिभ सर्भिसका कार्यकारी प्रमुख दीपक शर्माको प्रमुख आतिथ्यतामा संयुक्तरूपमा रकम हस्तान्तरण गरिएको हो । हस्तान्तरणका क्रममा क्लबका अध्यक्ष कमल बराल, संस्थापक अध्यक्ष गणेश ढकाल, क्लबका पूर्वअध्यक्ष जिपी शर्मा, क्लबका भाइस प्रेसिडेन्ट जगन्नाथ पौडेल, क्लब डाइरेक्टर रामकुमार बस्नेत, क्लब ३२५ आइका इलेक्ट डिजी चन्द्रकुमार केसीलगायत सहभागी थिए ।

## मालपोत कार्यालय कावासोतीबाट
## प्रकाशित हकदावी सम्वन्धि ७ दिने सूचना

मनोज भट्टराईको नाममा दर्ता कायम कावासोती ६क कि.नं. १५६८ र १५६३ को जग्गा र.नं. २४२४क २०७८।०६।१५ मा मालपोत कार्यालय कावासोतीबाट धितो वन्धक गर्दा दुवै कित्ताको क्षेत्रफल ०-०-८.७५ भएकोमा श्रेस्तामा ०-०-३.७५ र ०-०-८.२५ उल्लेख भई फरक पर्न गई श्रेस्ता अनुसारको क्षेत्रफल दाखा गर्दा मनोज भट्टराईको कुनै दावी भए ७ दिन भित्र मालपोत कार्यालय कावासोतीमा सम्पर्क गर्नुहोला । अन्यथा महाराजा वचत तथा ऋण सहकारी संस्था लि. को नाममा दाखा हुनेछ ।

## सच्याइएको

यस प्रभाव दैनिकको वर्ष ९ अंक ३२४ चैत ११ गते २०७९ मा प्रकाशित **Gurung Management Overseas Pvt. Ltd.** को Lot No. 283160 को **IB PAPPA SDN. BHD.** कम्पनीको विज्ञापनमा म्यानपावरको नाम **Gurung Management Overseas Pvt. Ltd.** हुनुपर्नेमा **Gurung Magar Services Pvt. Ltd.** हुन गएकोले सच्याईएको जानकारी गराईन्छ ।

**GURUNG MANAGEMENT OVERSEAS PVT. LTD.**
Govt. License 404/060/061
P.o.Box.:15142, Basundhara, Kathmandu, Nepal
Tel: +977-1-4386936,4388012,4388013, 4380659 Fax: +977-1-4386937
E-mail: gurungoverseas@gmail.com, info@gurungoverseas.com.np, Website : www.gurungoverseas.com.np

## सच्याइएको

यस प्रभाव दैनिकको वर्ष ९ अंक ३२४ चैत ११ गते २०७९ मा प्रकाशित **Supreme Overseas Pvt. Ltd.** को Lot No. 272271 को **New City Contracting** र Lot No. 250154 को **Al Kout Beach Hotel.** कम्पनीको विज्ञापनमा **कुवेतमा वैदेशिक रोजगारको अवसर** हुनुपर्नेमा अन्यथा हुन गएकोले सच्याईएको जानकारी गराईन्छ ।

**Supreme Overseas Pvt. Ltd.**
Koteshwor-35, Kathmandu, Nepal.
Phone: +977-1-4610716, 9813327241, 97411877355, 9841359033, 9851107202
Email: supremeovs@yahoo.com, supremeover301@gmail.com,
Web: www.supremeoverseas.com.np

बागमती प्रदेश सरकार
स्वास्थ्य मन्त्रालय
स्वास्थ्य निर्देशनालय

## सिन्धुली अस्पताल सिन्धुली
सिन्धुलीमाढी

### कर्मचारी आवश्यकता सम्बन्धी सूचना

**प्रथम पटक प्रकाशित मिति : २०७९।१२। १३**

यस सिन्धुली अस्पताल सिन्धुलीको रिक्त दरवन्दी पदपुर्तिका लागि स्वास्थ्य मन्त्रालय वागमती प्रदेशको प.सं. २०७९।०८० च.नं. १२९३ मिति २०७९।११।०४ गतेको पत्रानुसार जनशक्ति व्यवस्थापन गर्ने सम्बन्धमा निम्न लिखित पदमा कर्मचारीहरुको आवश्यक्ता भएको हुँदा योग्यता पुगेका नेपाली नागरिकहरुले सूचना प्रकाशन भएको मितिबाट १५ (पन्ध्र) भित्र दरखास्त पेश गर्नुहुन सम्बन्धित सबैको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**विज्ञापन नं. ०२-२०७९।०८०**

| क्र.सं. | पद | तह | सेवा समुह | माग संख्या |
|---|---|---|---|---|
| १ | क. पेडियाट्रिसियन | नवौ | स्वास्थ्य | १ |
| २ | क. अब्सट्रेसियन | नवौ | स्वास्थ्य | १ |
| ३ | क. अर्थोपेडिक सर्जन | नवौ | स्वास्थ्य | १ |
| ४ | क. एनेस्थेसियोलिजिस्ट | नवौ | स्वास्थ्य | १ |
| ५ | क. जनरल फिजिसियन | नवौ | स्वास्थ्य | १ |
| ६ | क. रेडियोलोजिस्ट | नवौ | स्वास्थ्य | १ |
| ७ | फिजियोथेरापिस्ट | सातौ | स्वास्थ्य | १ |
| ८ | एनेस्थेसिया सहायक | पाँचौ | स्वास्थ्य | १ |
| ९ | फार्मेसी सहायक | पाँचौ | स्वास्थ्य | १ |
| १० | डेन्टल हाइजेनिस्ट | पाँचौ | स्वास्थ्य | १ |

**कार्यक्षेत्र :** सिन्धुली अस्पताल सिन्धुली
**न्युनतम शैक्षिक योग्यता :** मान्यता प्राप्त शिक्षण संस्थाबाट सम्बन्धित विषयमा उतीर्ण र सम्बन्धित काउन्सीलमा दर्ता भएको ।
**तलब :** नेपाल सरकारको नियमानुसार हुनेछ ।
**लिखित परिक्षा :** मिति २०७९।१२।२८ गते ।
**अन्तरवार्ता :** मिति २०७९।१२।२९ गते ।
**आवेदनको लागि :** यस सिन्धुली अस्पताल सिन्धुलीमा रितपुर्वक दरखास्त फारम भरी यसै अस्पतालको प्रशासन शाखामा मिति २०७९।१२ ।२७ गते कार्यालय समय भित्र पेश गर्नुपर्नेछ ।
**थप जानकारीको लागि :** ९८४१३५३९४२ मा कार्यालय समयमा सम्पर्क गर्न सकिनेछ ।


# जापानमा वैदेशिक रोजगारको अवसर

कम्पनी : WOODLAND KOBE BUSINESS COOPERATIVE
पुर्व स्वीकृति मिति २०७९/१२/०९ LT. No. 283105 चलानी नं. ६०१९८८२२

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव Yen | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Care Giver | 1 | 3 | 237,100 | २,३९,४३५ | क.नि. अनुसार | ६ घण्टा | ५ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

कम्पनी : WOODLAND KOBE BUSINESS COOPERATIVE
पुर्व स्वीकृति मिति २०७९/१२/०८ LT. No. 282748 चलानी नं. ६०१९८८२१

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव Yen | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Care Giver | 1 | 1 | 181,100 | १,८२,८८५ | क.नि. अनुसार | ६ घण्टा | ५ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

**अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०७९ चैत २० गते (3rd Apr. 2023) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्था:** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क:** ५०,०००

■ **प्रशिक्षार्थीको आवश्यक न्यूनतम योग्यता र काम गरेको अनुभव:**
(क) नेपाली नागरिक हुनुपर्ने । (ख) प्रशिक्षार्थीको उमेर १८ वर्ष पूरा भई ४० वर्ष ननाघेको हुनुपर्ने । (ग) प्रशिक्षार्थी नेपाल सरकारको उद्योग मन्त्रालय अन्तर्गतका निकायहरूमा तीन वर्ष पूर्व दर्ता भई सञ्चालन भई रहेका औद्योगिक प्रतिष्ठान, उद्योग व्यवसाय, कलकारखाना, कृषि सहकारी, सामुदायिक संघ संस्था, होटल, पर्यटन व्यवसाय अर्थात सेवा तथा वस्तु उत्पादन व्यवसाय जस्ता क्षेत्रमा कम्तीमा २ वर्ष काम गरेको अनुभव हुनुपर्ने । (घ) कृषि सम्बन्धि कामको निमित्त सम्बन्धित उद्यम/उद्योग वा सम्बन्धित विषयको सहकारी वा सामुदायिक संस्थामा कम्तीमा २ वर्ष काम गरेको अनुभव हुनुपर्ने । (ङ) प्रशिक्षार्थीले जापानमा प्रशिक्षार्थी कामदारको रूपमा खोजेको विषयमा नै नेपालको उद्योग, प्रतिष्ठान, संस्था वा निकायहरूमा काम गरिरहेको हुनुपर्ने । (च) जापानी भाषा तथा संस्कृतिका सम्बन्धमा तालिम लिएको हुनुपर्ने ।

■ **दरखास्त साथ पेश गर्नुपर्ने आवश्यक कागजातहरू:**
(क) नेपाली नागरिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि । (ख) राहदानी प्रमाणपत्रको प्रमाणित प्रतिलिपि । (ग) प्रशिक्षार्थी नेपाल सरकारको उद्योग मन्त्रालय अन्तर्गतका निकायहरूमा तीन वर्ष पूर्व दर्ता भई सञ्चालन भई रहेका औद्योगिक प्रतिष्ठान, उद्योग व्यवसाय, कलकारखाना, कृषि सहकारी, सामुदायिक संघ संस्था, होटल, पर्यटन व्यवसाय अर्थात सेवा तथा वस्तु उत्पादन व्यवसाय जस्ता क्षेत्रमा कम्तीमा २ वर्ष काम गरेको अनुभव सम्बन्धि प्रमाणपत्रको प्रमाणित प्रतिलिपि । (घ) कामदार जापानमा प्रशिक्षार्थी कामदारको रूपमा जान खोजेको विषयमा नै नेपालको उद्योग, प्रतिष्ठान, संस्था वा निकायहरूमा काम गरिरहेको हुनुपर्नेछ । (ङ) जापानी भाषा तथा संस्कृतिका सम्बन्धमा तालिम लिई उत्तीर्ण गरेको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि । (च) अभिमुखिकरण तालिम लिएको सक्कल प्रमाणपत्र । (छ) नेपालमा आफू कार्यरत रहेको सम्बन्धित उद्योग, प्रतिष्ठान, निकाय वा संस्थाको सिफारिस र नेपाल फर्कि आएपछि पुनः काममा लगाउनेछु भनी सम्बन्धित संस्थाले गरेको प्रतिवद्धता पत्र । (ज) प्रशिक्षार्थी कामदारको रूपमा तालिम लिई नेपाल फर्किएपछि सम्बन्धित उद्योगमा नै काम गर्ने भनि आफू कार्यरत संस्था वा निकाय समक्ष गरेको प्रतिवद्धता सम्बन्धि कागजातको प्रतिलिपि ।
१. दरखास्त बुझाउनु पर्ने स्थान र अन्तिम मितिः स्थानः प्रा.लि.को कार्यालय, मितिः यो सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र ।
२. प्रशिक्षार्थीले तिर्नुपर्ने (सेवा शुल्क, यातायात, भिषा तथा प्रवर्द्धन खर्च समेतको) कूल खर्चः जम्मा रू. ३५,०००/- (पैतिस हजार) मात्र ।
३. प्रशिक्षार्थी छनौट गर्ने तरिका, मिति र स्थानः छनौट तरिकाः अन्तर्वार्ता, स्थानः प्रा.लि.को कार्यालय र अन्तर्वार्ता मितिः पछि प्रकाशित गरिनेछ ।

**नोट:** वैदेशिक रोजगार ऐन, २०६४ को दफा ९ बमोजिम महिला, दलित, आदिवासी जनजाति, उत्पीडित वर्ग, पिछडिएको क्षेत्र तथा वर्ग एवं दुर्गम क्षेत्र तथा दैवीप्रकोप पीडित व्यक्तिलाई नेपाल सरकारले तोके बमोजिमको संख्यामा आरक्षण प्रदान गरिने छ ।

■ **नेपाल सरकार श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय, वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:**
१) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भरपाई अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरू साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापनमा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोस । ४) विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्स तालिम अनिवार्य लिनुहोस । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।
द्रष्टव्यः यस विषयमा थप केही कुरा बुझ्न परेमा यस प्रा.लि.मा सम्पर्क गर्न सक्नुहुनेछ ।

**IMPERIAL OVERSEAS PVT. LTD.**
Govt. Lic. No. 816/065/066
Sinamangal-9, Gairidhara, Kathmandu, Nepal.Tel : +977-1-4485530,Fax : +977-1-4485522,
Email: imperialovs2009@gmail.com,, imperialoverseas@hotmail.com,Website:- imperialoverseas.com.np



# Malaysia मा बैदेशिक रोजगारको अवसर

Company: Watson & Personal Care Stores Sdn. Bhd.
पुन विज्ञापन । पूर्व स्वीकृती मितिः २०७९/१०/०९ चलानी नं. ६०१९५४१८ LT No. : 279815

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १. | Wholesale and Retail Job | 50 | साधारण | 1500 | ४४,७२२।- | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

| स्वदेशमा गरिने मेडिकल खर्च कसले गर्ने र कति लाग्ने | बिदेशमा गर्ने मेडिकल खर्च कसले व्यहोर्ने | स्वदेशमा गरिने विमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा वीमा हुने /नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | भिषा स्त्याम्पीङ्ग शुल्क कस्ले व्यहोर्ने | कल्याणकारी कोष | अभिमुखीकरण शुल्क | सेवा शुल्क |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैले | हुने /प्रिमियम रोजगारदाता कम्पनीले तिर्ने | रोजगारदाता कम्पनीले दिने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रु. १,५००।- कामदार आफैले | रु. ७००।- कामदार आफैले | निःशुल्क |

**अन्तरवार्ता २०७९ चैत २० गते (3 April, 2023) यस प्रा. लि. को कार्यालय सामाखुसीमा हुनेछ ।**

**बैदेशिक रोजगार विभागबाट गराईएको जानकारीः** १) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोस् । आफू कठिनाइमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । २) यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनु होला । ३) विदेश जानुअघि अभिमुखीकरण वा इण्डक्सन तालिम अनिवार्य लिनुहोला । ४) विदेश जानुअघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला । सोको १ (एक) प्रति आफूसँग राख्नुहोला । ५) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ६) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नु परे बैदेशिक रोजगार विभाग, बुद्धनगर, नयाँबाजेश्वरमा सम्पर्क राख्नुहोला ।

**Rose Employment Service Pvt. Ltd.** Gov. Lic. No.: 844/066/067
Samakhusi -29, Kathmandu, Nepal, 01-4390401, 4390402



# कतारमा वैदेशिक रोजगारको अवसर

कम्पनी : GERRYS GRILL
पूर्व स्वीकृति मिति २०७९/०७/१८ पुन विज्ञापन स्वीकृति मिति : २०७९/१२/१२ LT. No. 274875 चलानी नं. ६०१९०४५६

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cleaner | 2 | 0 | 1000 | ३६,५८५ | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | | २ वर्ष |
| 2 | Cooker | 3 | 0 | 1500 | ५४,८८० | | | | | | | |

**अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय ललितपुरमा मिति: २०७९ चैत २० गते (3rd Apr. 2023) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यतवस्था:** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क:** निःशुल्क/-

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**The Center Overseas Concern Pvt.Ltd** श्रम ईजाजत नं. ०८५/०५३/०५४
Basundhara, Ktm, Nepal, Tel : +977-1-4985474, 4985586, Fax: +977-1-4385806



# साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : TAWAKD CONTRACTING COMPANY
पुर्व स्वीकृति मिति २०७९/१२/०२ पुन विज्ञापन स्वीकृति मिति : २०७९/१२/१२ LT. No. 282856 चलानी नं. ६०१९८२६२

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Loading & Unloading Labour | 30 | 0 | 1000 | ३५,१५० | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | | २ वर्ष |
| 2 | Kitchen Labour | 3 | 0 | 1000 | ३५,१५० | | | | | | | |

कम्पनी : ALMUZAIN GULF SAUDI CONTRACTING COMPANY
पूर्व स्वीकृति मिति : २०७९/१०/१५ पुन विज्ञापन स्वीकृति मिति २०७९/१२/१२ LT. No. 280277 चलानी नं. ६०१९८८१२

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Crane Operator | 1 | 0 | 2200 | ७७,३३० | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | | २ वर्ष |
| 2 | Heavy Truck Driver | 10 | 0 | 1800 | ६३,२७० | | | | | | | |

कम्पनी : QUALITY TIME CARWASH FOR AUTOMOBILE SERVICES
पूर्व स्वीकृति मिति : २०७९/१२/०१ पुन विज्ञापन स्वीकृति मिति २०७९/१२/१२ LT. No. 282789 चलानी नं. ६०१९८१३०

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Vehicle Washing And Lubricating Labour | 3 | 0 | 1000 | ३५,१५० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०७९ चैत २० गते (3rd Apr. 2023) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यतवस्था:** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क:** निःशुल्क

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**Target Consultant Human Resources Pvt. Ltd.**
TARGET श्रम ईजाजत नं.८३३/०६६/०६७
Sinamangal-9, Shambhu Marga, Kathmandu, Nepal. Tel: +977- 015911250/015911251
FAX:+977-015911251, E-mail: info@targetnepal.com, Web: www.targetnepal.com


## सच्याइएको

यस प्रभाव दैनिकको वर्ष ९ अंक ३२४ चैत ११ गते २०७९ मा प्रकाशित **ALPHA SIGMA OVERSEAS PVT. LTD.** को Lot No. 283286 को **Emirates Gateway Security Services** कम्पनीको विज्ञापनमा म्यानपावरको नाम **Alpha Sigma Overseas Pvt. Ltd.** हुनुपर्नेमा **Alpha Sigma Human Resources Management Pvt. Ltd.** हुन गएकोले सच्याईएको जानकारी गराईन्छ ।

**ALPHA SIGMA OVERSEAS PVT. LTD.**
P.O.Box : 10443, Sinamangal-09, Kathmandu, Nepal
Tel : +977-1-4561946, 4561827 Fax : +997-1-4465976
E-mail : alphasigmanepal@gmail.com, alphanepal@wlink.com.np,Website : www.Imperial.com.np

## सच्याइएको

यस प्रभाव दैनिकको वर्ष ९ अंक ३२४ चैत ११ गते २०७९ मा प्रकाशित **Red Sun Employment Service Pvt.ltd.(Red Sun Solutions Pvt.ltd)** को Lot No. 282860 को **Songs Trinity Solutions Sdn. Bhd** कम्पनीको विज्ञापनमा **कतारमा वैदेशिक रोजगारको अवसर** हुनुपर्नेमा अन्यथा हुन गएकोले सच्याईएको जानकारी गराईन्छ ।

**RED SUN EMPLOYMENT SERVICE PVT.LTD.(RED SUN SOLUTIONS PVT.LTD)**
Govt. License 1274/074/75
Chabahil-7, Chuchepati, Kathmandu, BAGMATI
Tel : +977-01-5210104, 9801097930
Email: inforedsun2017@gmail.com,
Web: www.redsunemployment.com.np

## मोटरसाइकल हराएको सूचना

मिति २०७९/१०/१९ गते निम्न विवरणको बेटल ग्रीन रङको रोयल इन्फिल्ड कम्पनीको, क्लासिक ३५० मोटरसाइकल का.जि.का.म.न.पा.८, गुजेश्वरीस्थित ढल विकास नजिकैको पार्किङ स्थलबाट रातको ९:०० देखि १०:०० बजे बिचको समयमा हराएको हुँदा देख्नुहुने महानुभावले तुरून्त मेरो निम्न मोबाइल नम्बर वा नजिकैको प्रहरी कार्यालयमा खबर गरिदिनुहुन अनुरोध गर्दछु ।

धनी: लुम्बिनी विकास बैंक लि.
ऋणी: सन्दिप कुमार भुजेल
बाइक नं. : बा.प्र -०३,०२,०१४ प २६२९
च्यासिस नं.:ME3US5C1LA598014
इन्जिन नं. : U3S5C1LA196810
ठेगाना : ललितपुर, ईमाडोल
मो. : 9851145053, 9828897691

## बिमालेख हरायो

मिति २०७९/०१/०१ गते, चावहिलदेखि भक्तपुरसम्म जाने क्रममा मेरो निम्न व्यहोरा भएको बिमालेख हराएको हुँदा पाउनु हुने महानुभावले नजिकको प्रहरी चौकी वा निम्न ठेगानामा खबर गरिदिनु हुन विनम्र अनुरोध गर्दछु ।

नाम : सुमित्रा खनाल
विमालेख नं : २१०००५४९
(Nepal Life Insurance Company Ltd)
ठेगाना : काठमाडौं
सम्पर्क नं : ४१६९१२९, ४१६९१३०

## बिमालेख हरायो

मिति २०७८/०१/०१ गते, चावहिलदेखि भक्तपुरसम्म जाने क्रममा मेरो निम्न व्यहोरा भएको बिमालेख हराएको हुँदा पाउनु हुने महानुभावले नजिकको प्रहरी चौकी वा निम्न ठेगानामा खबर गरिदिनु हुन विनम्र अनुरोध गर्दछु ।

नाम : लक्ष्मी गौतम
विमालेख नं : २१०००५११
(Nepal Life Insurance Company Ltd)
ठेगाना : काठमाडौं
सम्पर्क नं : ४१६९१२९, ४१६९१३०

Bagmati Province Government
Ministry of Water Supply, Energy and Irrigation

## Water Resources and Irrigation Development Division Office

Hetauda, Makawanpur

### Invitation for bids

**Date of publication: 2079-12-13 (27th Mar. 2023)**

This is to notify that online Invitation for Bids (IFB) is published for following project listed below in the e-GP system (https://bolpatra.gov.np/egp) of Government of Nepal. Bidders can only bid electronically. For further Details Bidders are requested to visit the project office at Hetauda, Makwanpur or PPMO's website https://bolpatra.gov.np/egp.

Contract Details:

| S. No. | Contract ID No. | Estimated Amount NRs. (incl. VAT & PS) | Bid Security Amounts | Bid Document Price (Nrs.) |
|---|---|---|---|---|
| 1. | WRIDDO/MK/NCB-03/BRT/2079-080, Construction of Earthen Embankment with launching & slope pitching in Bakaiya River Left Bank of East Bhirkot, Bakaiya- 07, Makwanpur | NRs. 1,91,19,803.60 | NRs. 5,00,000 | NRs. 3,000 |

**Division Chief**

प्रभाव दैनिक
National Daily

## सम्पादकीय

### वार्तामार्फत कोशीको विवाद टुंग्याऊ

कोशी प्रदेशमा पहिचानसहितको नाम माग्दै जारी आन्दोलनको क्रममा लाजेहाङ लिम्बूको मृत्यु भएपछि राष्ट्रिय राजनीति तरंगित बनेको छ । आन्दोलनरत पक्षले प्रहरीको दमनबाट लिम्बूको मृत्यु हुन पुगेको भन्दै आन्दोलनलाई थप सशक्त बनाउने बताउँदै आएका छन् । यस्तो स्थिति आउनु अत्यन्त दुःखद् कुरा हो ।

१७ फागुनमा प्रदेश संसद्को दुई तिहाइ बहुमतले प्रदेशको नाम 'कोशी' राखेपछि विवाद चुलिएको हो । जनभावनाविपरीत पहिचानविनाको नाम राखिएको भन्दै पहिचान पक्षधर आक्रोषित बनेका हुन् । उक्त प्रदेशमा फेरि पहिचानको आन्दोलन चर्किएको छ । सोही आन्दोलनका क्रममा प्रहरीसँगको झडपमा परी घाइते भएका उनको मृत्यु भएको हो । पहिचान पक्षधर आन्दोलनकारीहरू आक्रोशित भएका छन् । उनीहरूले राजनीतिक बदलाको चेतावनी दिइसकेका छन् । पहिचानयुक्त प्रदेशको नाम नहुञ्जेलसम्म कडा संघर्षका लागि तयार रहेको पनि भन्दै आएका छन् ।

र, प्रदेशका मुख्यमन्त्रीसहित मन्त्री र सांसदहरूलाई निशाना बनाएका छन् । भौतिक आक्रमणको प्रयास ठाउँठाउँमा गरेका छन् । कोशी नाम राख्न मतदान गर्ने सांसदहरूको घरमा कालो झण्डा गाडेर विरोध जनाएका छन् । कोशी लेखिएको कागजात जलाउने र बोर्ड फालिदिने गर्दै आएका छन् । यसले प्रदेशमा थप द्वन्द्व चर्किने आशंका बढाएको छ । यसमाथि केही दलका शीर्ष नेताले आन्दोलनकारीलाई थप उत्तेजित पार्ने अभिव्यक्ति लगातार दिइरहेका छन् । जुन, एकदमै गैरजिम्मेवार र आपत्तिजनक छ । आन्दोलनरत पक्षलाई वार्तामा ल्याएर शान्तिपूर्ण रुपमा विवाद टुंग्याउनेको सट्टा 'आगोमा घिउ' थप्ने काम कसैले गर्नु हुँदैन । किनभने, त्यस्तो अभिव्यक्तिले द्वन्द्व थप चर्काउनेछ ।

अर्कातिर, प्रदेशस्थित एमाले, कांग्रेस, माओवादी र राप्रपाका नेतृत्वहरूले आइतबार विज्ञप्तिमार्फत पहिचानवादीहरूको आन्दोलनलाई 'असंवैधानिक गतिविधि'को संज्ञा दिएका छन् । यो पनि द्वन्द्व व्यवस्थापनभन्दा आन्दोलनकारीहरूलाई अझै उत्तेजित पार्ने अभिव्यक्ति हो । यस्तो बेला नेताहरूले द्वन्द्व भड्काउने अभिव्यक्ति दिन हुँदैन ।

बरु, संवादको माध्यमबाट आन्दोलनकारीहरूको जायज माग सम्बोधन गर्न ठोस कदम चाल्नतर्फ दलहरू उद्धत हुँदा उपयुक्त हुन्छ । सबै जनताको अपनत्व हुने गरी प्रदेशको पुनः नामांकन गर्न सकिन्छ भने त्यसतर्फ दलहरु अगाडि बढ्नुको विकल्प छैन । आन्दोलतलाई जबरजस्ती दबाउने कार्यले समाधान दिँदैन । दुवै पक्षले वार्तामार्फत चाँडोभन्दा चाँडो यो विषय टुंग्याउन जरुरी छ । अन्यथा मुलुक फेरि अर्को द्वन्द्वमा फस्नसक्छ । यसतर्फ सरकार, राजनीतिक दलहरु र सरोकारवाला सबैको ध्यानाकर्षण होस् ।

## मननयोग्य

### विदुर नीति

जनचाहनालाई प्रबल आधार बनाएर पुत्रमोहले समेत अन्धो भएका राजा धृतराष्ट्रलाई सम्झाएर कुलवधू द्रौपदीसहित कुन्ती र उनका छोरा पाण्डवहरूलाई हस्तिनापुरमा बोलाउन लगाउनु र औपचारिकतापूर्वक उनीहरूको स्वागतमा तयार गराउनुजस्तो बुद्धि चातुर्यको काम विदुरले नै पूरा गरेका थिए । विदुर सुरुदेखि अन्तसम्म कुरु राज्यप्रति निष्ठावान् रहेका थिए ।

उनी सदैव निर्भिकतापूर्वक धर्मको नै पक्ष लिने गर्दथे। उनी धर्मपारायण हुन् भन्ने कुराको प्रमाण अरू के हुन सक्ला र जबकि युद्ध रोकियोस् भन्ने उद्देश्यले अन्तिम प्रयास ' गर्न पाण्डवहरूको दूत बनेर आएका यादव नरेश श्रीकृष्णले दुर्योधनका राजमहलको आतिथ्य स्वीकार नगरी विदुरकहाँ (एउटा दासीपुत्रको घरमा बस्न उचित ठान्नुभयो । त्यसैले विदुलाई महात्मासमेत भनिँदै आएको छ।

विदुरले आफ्नो जिन्दगानीभरि नै धर्म (नीति) को पालना गरे। महाभारतमा अनेकौं नीति शास्त्रकारका नीतिहरू संकलित छन् । यिनमध्ये पाण्डवका पुरोहित धौम्यका सेवा नीति, कणिक भारद्वाजको कूटनीति प्रख्यात छन् । महात्मा विदुरले धृतराष्ट्रलाई भनेको कुरा (उपदेश) अत्यन्तै मार्मिक र अनौठा छन् । विदुरनीतिमा राजनीतिका मूलभूत कुरा र गहन तत्वहरूको विवेचना गरिएको छ । साथै मानवीय चरित्रको उत्थान र विकास गर्ने नैतिक उपदेशहरूको प्रवचन पनि यसमा समावेश छ । सामाजिक मूल्य र मान्यतालाई ह्रास हुनबाट जोगाउने क्रममा वर्तमान समयमा पनि विदुरनीति त्यत्तिकै प्रासंगिक ठहरिएको छ । *क्रमशः*

# 'निजी क्षेत्रलाई सशक्त नेतृत्वको आवश्यकता छ'



**उमेशलाल श्रेष्ठ**
वरिष्ठ उपाध्यक्षका उम्मेदवार
नेपाल उद्योग वाणिज्य महासंघ

*उद्योगी व्यवसायीको छाता संगठन नेपाल उद्योग वाणिज्य महासंघको साधारणसभा सन्निकट छ । उम्मेदवारी घोषणादेखि प्रचारप्रसारको कामसमेत जारी छ । महासंघको विधानले वरिष्ठ उपाध्यक्ष नै अध्यक्ष हुने व्यवस्था गरेको छ । सोही व्यवस्थाअनुसार नयाँ वर्षमा हालका वरिष्ठ उपाध्यक्ष चन्द्रप्रसाद ढकालले अध्यक्षको पद सम्हाने छन् । मुलुकको अर्थतन्त्रमा समस्या देखिएको टिप्पणी भइरहेको छ । उद्योगी व्यवसायी, आमनागरिकले पनि समस्या भोग्नुपरेको छ । महासंघ नेतृत्वले व्यवसायीका समस्या समाधानमा ध्यान नदिएको गुनासो पनि बेलाबेलामा सुनिने गरेको छ । सरकारपछि देशव्यापीरूपमा ठूलो सञ्जाल रहेको महासंघको काम कारबाही निर्वाचन तथा मुलुकको अर्थतन्त्रको बारेमा वरिष्ठ उपाध्यक्षका उम्मेदवार उमेशलाल श्रेष्ठसँग राष्ट्रिय समाचार समितिका समाचारदाता रमेश लम्सालले गरेको कुराकानीः*

**नेपाल उद्योग वाणिज्य महासंघको साधारणसभा हुँदै छ, यही क्रममा देशव्यापी दौडाहामा हुनुहुन्छ, कस्तो छ अवस्था ?**

म महासंघमा आबद्ध भएको २५ वर्ष भयो । यो यात्रालाई मैले निरन्तररूपमा अगाडि बढाएको छु । विभिन्न कार्यभार सम्हाल्दै तीन पटकसम्म नेपाल औषधि उत्पादक संघको अध्यक्षका रूपमा पनि काम गरेँ । साथीभाइले माथिल्लो नेतृत्वमा जानुपर्छ भनेर प्रेरित गर्नुभयो । महासंघको उपाध्यक्षमा एकपटक विजयी र अर्को एकपटक पराजित भएँ ।

यसपटक मैले ठूलो चुनौती लिने प्रयत्न गर्दै छु । वरिष्ठ उपाध्यक्ष पदमा निर्वाचन लड्न गइरहेको छु । हाम्रो अर्थतन्त्रमा अनेकन समस्या देखिएका छन् । ती समस्यालाई म व्यवसायी भएकाले राम्रोसँग बुझेको छु । ती समस्या समाधान गर्न सक्छु भन्ने विश्वास पनि छ ।

अहिले महासंघमा सरकारसँग डटेर मुकाबिला गर्न सक्ने नेतृत्व आवश्यक छ । मेरो पहिचान पनि त्यस्तै खालको व्यक्ति भनेर स्थापित छ । मुलुकको अवस्था चुनौतीपूर्ण रहे पनि निजी क्षेत्रका हितमा काम गर्नेगरी म महासंघको नेतृत्वमा आउनुपर्छ भन्ने मेरो दाबी छ । किनभने, मैले निजी क्षेत्रका लागि ३० वर्ष खर्चेको छु र मलाई लाग्छ साथीहरूले मलाई विजयी गराउनुहुनेछ । निजी क्षेत्र भनेको सरकारपछिको सबैभन्दा ठूलो सञ्जाल भएको संस्था हो । कूल अर्थतन्त्रको ७० प्रतिशत बराबरको हिस्सा हामीले बहन गरेका छौं । निजी क्षेत्रको महत्व विगत केही वर्षमा बढाउन सकेका छैनौं । निजी क्षेत्रले देशको अर्थतन्त्रलाई कसरी डोऱ्याउन सक्छ भन्ने कुरा हामीले बुझाउनै सकेनौं । पछिल्लो ३० वर्ष हाम्रो आन्दोलनमा नै बित्यो । मेरो पुस्ताले आन्दोलनबाहेक केही देखेको छैन । आर्थिक क्रान्तिको आन्दोलन भने भएन । प्रतिव्यक्ति आय तुलनात्मकरूपमा बढ्न सकेको छैन । सरकारको औद्योगिक विकास गर्ने सोच नै भएन ।

**सरकारलाई मात्रै दोष देखाएर पुग्छ र अब पनि ? निजी क्षेत्रले यसबीचमा के गऱ्यो भन्ने प्रश्न पनि तपाईंहरूमाथि उठ्ने गरेको छ नि ?**

हामी सिमेन्ट, रड र हयाचरीमा आत्मनिर्भर भएका छौं । औषधिमा र डेरीमा करिब-करिब आत्मनिर्भर छौं । कतिपय माल, वस्तु हामी निर्यात गर्छौं । देश कृषिप्रधान भनिन्छ, तर कृषि भने छैन । राजस्वको स्रोत नै भन्सार बन्न पुग्यो । त्यसले अर्थतन्त्र धान्न छाडयो । उद्योगबाट उठ्नुपर्ने कर एकदमै कम छ । कमी-कमजोरी भए त्यसलाई सुधार गरेर जान तयार हुनैपर्छ ।

**कोरोना त्रासपछि समस्यामा परेको अर्थतन्त्रलाई पुनःजागृत गराउने निजी क्षेत्रको एजेण्डा प्रस्ट भएन भन्ने गुनासो सुनिन्छ नि ?**

कोरोनापछि सरकारले खासै केही गरेन । गरिब मुलुक हो गर्न सकेन भनेर हामी चुप नै लाग्यौं । कोरोनापछि उठ्न लागेको अर्थतन्त्रमा बैंकको ब्याजको मार पऱ्यो । तरलताको अभाव देखियो । कोरोनापछि बैंकहरूसँग प्रशस्त तरलता भयो । मनलाग्दी तरिकाले हरेक क्षेत्रमा लगानी भयो । बैंकको पनि व्यापार थियो, गरे । उनीहरूले जनताको पैसा लिएका छन् । सरकारले अहिलेको समयमा साना तथा मझौला उद्योगलाई हेरिदिनुपर्छ । ती क्षेत्रलाई राहत र अनुदान दिनुपर्छ । साना व्यवसायी नै हाम्रा अर्थतन्त्रका आधारस्तम्भ हुन् ।

**ब्याजदरभन्दा पनि प्रिमियमका कारण बढी मार पऱ्यो भन्ने गुनासो छ ? यसलाई कसरी लिनुभएको छ ?**

ब्याज पनि जोडिएर आउँछ । मलाई त सबैभन्दा बढी चिन्ता भनेकै प्रिमियम दरमा हो । यसअघि सरकारले तोकिदिएको पनि थियो । तर, मैले बुझेको छैन, यो प्रिमियम दर किन ? जोखिम बढी भएपछि हामी प्रिमियम लगाउँछौं भन्ने गरेका छन् बैंकले । ठूलालाई कम सानालाई बढी भएको छ । यो त संविधानको प्रस्तावनाको विरुद्ध नै भयो । 'समाजवादतर्फ उन्मुख अर्थतन्त्र' संविधानमा लेखिए पनि यहाँ एक अर्काबीच झनै खाडल बढ्ने अवस्था देखियो । सानाले चार पाँच प्रतिशत बढी तिर्ने, ठूलाले कम तिर्ने भएपछि विभेद भयो । सरकारले तुरुन्त हस्तक्षेप गर्नुपर्छ । सरकारले कृषि उत्पादनमा अनुदान दिनुपर्छ । तर, हाल दिइएको अनुदान दुरूपयोग भएको छ । जसलाई रोक्नुपर्छ । घरजग्गामा पैसा गयो । निश्चितरूपमा मन्दी आउँदा कुनै पनि क्षेत्र चलायमान भएन । पैसा कहाँ गयो भन्ने प्रश्न उठेको छ । केही बाहिर पनि गयो होला ।

विप्रेषणमा सुधार छ । राजनीतिक नेतृत्वलाई मेरो प्रश्न छ, कति दिनसम्म हामी विप्रेषणको आडमा बाँच्ने ? गरिब जनताको नेता बन्ने कि सम्पन्न जनताको नेता बन्ने अब सोच्नुपर्छ । सम्पन्न जनताको नेता बन्ने हो भने कृषि र औद्योगिक क्रान्ति हुनुपर्छ । उहाँहरूले भाषणमा भन्नु भएको र खासै नगर्नु भएको आर्थिक क्रान्तिमा केन्द्रित हुनुपर्छ ।

हाम्रा खेत बाँझा छन् । जलस्रोतको सदुपयोग हुन सकेको छैन । सरकारले निजी क्षेत्रका कुरालाई सम्बोधन गर्नुपर्छ । ज्ञापनपत्र बुझाएर बस्ने होइन । हामीले सरकारलाई आश्वास्त पार्नैपर्छ । कर्मचारीतन्त्रलाई पनि जनताको पैसाले तलब खाने हो भनेर पाठ सिकाउनुपर्छ । पटकपटकको आन्दोनपछि पनि कर्मचारीतन्त्रको सोच बदल्न सकिएन । कर्मचारी संरचना परिवर्तन गर्नेतर्फ जमर्को नै गरेनौं । एउटा उद्योग त गरिहेर्नोस् कति समस्या र जटिलता छ भन्ने कुरा थाहा पाउनुहुन्छ । हाम्रोमा असाध्यै कडा कानुन छन् । कर्मचारीले काम नै गर्न चाहँदैनन् । हामीले यी विषयमा सुधार गर्नैपर्छ । नेताको जिब्रोमा आर्थिक क्रान्ति भएपनि व्यवहारमा छँदै छैन ।

**व्यवसायीलाई समस्या परिरहेको बेला बैंक तथा वित्तीय संस्थाले किन यत्ति धेरै पेलेका होलान् ?**

असुलीको तरिका नै गलत छ, उनीहरूको । बैंकले असुलीका लागि गुण्डा नै राख्ने गरेको सुनिएको छ । कुनै-कुनै बैंकको असुलीको तरिका मानवीय हिसाबले पनि गलत छ । जिल्लाका साथीभाइले यो कुरा सुनाएका छन् । हाम्रोमा लगानीमैत्री वातावरण नै बन्न सकेन ।

आज निर्माण सामग्रीको माग ६० प्रतिशतले घटेको छ । उद्योगको बिक्री घटेको छ । व्यवसाय घटेको छ । यस्तै, अनुगमनको पीडा उस्तै छ । सरकारको अनुगमन गर्ने तरिका नै मिलेको छैन । अनुगमन गर्दा हामीलाई सूचना दिँदा के फरक पर्छ ? सार्वजनिक रूपमा बेइज्जत गर्ने काम भएको छ । बैंकहरूले पनि उस्तै दुःख दिएका छन् । हामीलाई थाहा छ बैंकको पैसा जनताको हो । तर, बैंकसँग हृदय त चाहियो । व्यवसायीलाई मनलाग्दी तरिकाले कालो सूचीमा राख्ने काम भएको छ । बैंकलाई नाफा नकमाउ भन्न खोजेको होइन ।

हिजो हामीलाई ६.५ प्रतिशतमा ऋण दिएको थियो । तर, राति सन्देश पठाएर भोलिदेखि ब्याज यति भन्ने जुन शैली छ, त्यो गलत छ । ब्याजदर वृद्धि गर्दा पनि निश्चित समयमा मात्रै परिवर्तन हुने हुनुपर्छ । पछिल्ला दिनमा त हरेक सात दिनमा परिवर्तन हुने गरेको छ । यसबीचमा म पनि हायलकायल भए । विगतमा मैले आफैं २१ प्रतिशतसम्म बैंकको ब्याज तिरेको छु । अवस्था अहिले फरक छ । सरकारको नीतिले हामीले बहुराष्ट्रिय कम्पनीसँग प्रतिस्पर्धा गर्नुपरेको छ । नेपाली बजारमा कुनै समय एभरेस्ट र ब्राइटर भन्ने टुथपेस्ट आएको थियो । ती अहिले कहाँ गए ? प्रतिस्पर्धा गर्न सकेनन् । उनीहरू अस्ताए । नेपालमा राम्राराम्रा बिस्कुट उद्योग छन्, तर सरकारले किन आयात गर्न दिइरहेको छ ? अत्यधिक मात्रामा किन कार आयात गर्ने, मोटरसाइकलको मात्रै दुई वटा उद्योग भइसके, अब किन आयात गर्ने ? त्यसमा कोटा लगाए हुँदैन ? तर, त्यो सोचमा सरकार छैन । वैदेशिक मुद्राको सञ्चिति त बढेको छ । तर, मदिरा आयात किन खोलेको ? नेपालमा नै राम्रा उद्योग छन् ।

**तपाईं महासंघको नेतृत्वमा पुगेपछि यी र यस्ता विषयमा कडाइ गर्छु भन्न खोज्नुभएको हो ?**

यसपटक म नयाँ अध्यक्षलाई सहयोग गर्ने नै हो । म नेतृत्वमा पुगेपछि यस्ता वस्तुमा आयात प्रतिबन्ध नै लगाउनेतर्फ मेरो पहल रहन्छ । हामीले आयात रोक्नैपर्छ । अत्यधिक मात्रामा मोबाइलको आयात भइरहेको छ । किन चाहियो हामीलाई यति धेरै मोबाइल ? देशको अर्थतन्त्र ठीक छैन, आयात नियन्त्रण गर्नैपर्छ ।

**सरकारी निकायबीचको समन्वयको अभाव, झण्झटिलो कार्यप्रणाली लगायतका कारणले पनि व्यवसायीहरू उद्योग स्थापना गर्नेतर्फ लागेनन् भन्ने टिप्पणी कतिको सही छ ?**

यो देशमा मुर्खले मात्रै उद्योग गर्छ भन्ने स्थापित भएको छ । बुद्धिमानले व्यापार नै गर्छन् । एकदमै सही छ । सात मन्त्रालय, २१ विभाग र ३२ वटा सरकारी निकाय पुगेर कसरी उद्योग लगाउन सकिन्छ ? सरकार र कर्मचारीतन्त्रले कहिल्यै पनि उद्योगीलाई संरक्षण नै गरेन । दैनिक काम कारबाहीमा पनि समस्या छ । नीतिगत र नियतिगत दुवै समस्या छ, हाम्रोमा । हाम्रो सोच उद्योगमैत्री बन्न सकेको छैन । कर्मचारी प्रशासन र राजनीतिक नेतृत्वले यसमा ध्यान दिएन ।

**विषम् अवस्था सुधारका लागि सरकारले के गर्नुपर्ला ?**

व्यवसायीमैत्री नीति बनाउनुपर्छ । राज्यको व्यवसायीलाई हेर्ने नजर नै गलत छ । यिनीहरू कालोबजारिया हुन्, नाफाखोर हुन भन्ने मान्यतामा परिवर्तन हुनुपर्छ । नाफा २० प्रतिशतभन्दा बढी खानु हुँदैन भन्ने छ । तस्करीभन्दा अरु कुन धन्दामा २० प्रतिशतभन्दा बढी नाफा हुन्छ ? धेरै नाफा भयो भने १५ प्रतिशत भन्दा जाँदैन । अर्को कुरा मैले नाफा गरिन भने सरकारले कसरी आम्दानी गर्छ ? नाफाको २५ प्रतिशत म सरकारलाई बुझाउँछु । बजारमा प्रतिस्पर्धा छ, कसैले पनि बढी नाफा कमाउनै सक्दैन ।

**तपाईंको भनाइले त सरकारलाई दोष दिएर निजी क्षेत्र उम्कन खोजेको जस्तो देखिएन र ?**

सुतेकालाई पो उठाउन सकिन्छ । सुतेको जस्तो गर्नेलाई उठाउन सकिदैन । म आफैं ३० वर्ष यस क्षेत्रमा लागेको छु । मैले कुरा गरिन होला त ? सरकारलाई बुझाउने प्रयास गरिन होला त ? पछिल्लो ३० वर्षमा २९ वटा त सरकार नै आए । कमसेकम ठूला पार्टीहरू आर्थिक एजेण्डामा समान धारणा बनाएर अगाडि बढून् भन्ने हाम्रो चाहना हो । दश वर्षको हाम्रो आर्थिक नीति यो हो भनेर स्पष्ट खाका त ल्याइदिनुस् । हामीले लबिङमात्रै गरेर पुगेन ।

अब कार्यान्वयनका लागि सरकारलाई झक्झक्याउन लाग्नुपऱ्यो । म सरकारलाई गम्भीर हुन आग्रह गर्दछु । साठी लाखभन्दा बढी अदक्ष नेपाली विदेश गएका छन् । सरकारले गर्न खोज्ने भने सम्भव छ । पछिल्लो १० वर्षमा नेपालमा आसेपासे पुँजीवादको विकास भइरहेको छ । जुन अत्यन्तै हानीकारक छ । एक सय जना व्यापारीको हातमा मुलुकको ७० प्रतिशत बराबरको अर्थतन्त्र पुगिसकेको छ । साना तथा मझौला व्यवसायीले अर्थतन्त्र धानेको छ तर उनीहरूसँग ३० प्रतिशत बराबर मात्रै पैसा छ । एकाध मान्छेको हातमा बैंकको पैसा पुगेको छ । सरकारले अब लगानीको क्षेत्र तोकिदिनुपर्छ ।

**निराशाका बीचमा पनि आशाका घेरा हुन्छ भनिन्छ, अवस्था सबै बिग्रिसकेको हो र ? कुनै आशाको घेरा नै छैन र ?**

त्यो घेरा भनेको हरेश नखानु भन्ने हो । हामीले हरेश खाएका छैनौं । यस्तो कठिन अवस्थामा पनि महासंघलाई नयाँ उचाइमा उठाउन लागिपरेका छौं । अब सरकारले पनि बुझ्ने बेला आयो । २०४६ सालपछि धेरै काम भयो त भन्न सकिएला तर भयो त के ? नेपालीमा भनाइ छ नि ढिलो न्याय दिनु भनेको न्याय नदिनु नै हो । हामीले २५ वर्ष पहिले गाउँघरलाई दिने सुविधा अहिले आएर दिँदै छौं । अब काम गर्ने तरिकामा परिवर्तन गर्नु आवश्यक छ । हाम्रोमा अझै पनि पञ्चायतको भूत बाँकी छ । लालफित्ता शाही बाँकी छ ।

**अर्थतन्त्रमा देखिएको समस्या समाधान हुन के कति समय लाग्ला ? एउटा व्यवसायीको आँखाबाट हेर्दा के देख्नुहुन्छ ?**

म ज्योतिष होइन । सबै क्षेत्र गम्भीर भएर लागे सम्भव छ । सरकारले साधारण खर्चको आकार घटाउनुपर्छ । त्यसबाट धेरै सुधार हुन्छ । हाम्रा हरेक कुरा चुनाव केन्द्रित हुने गरेको छ । हामीले धेरै भत्ता र अनुदान बाँड्दै छौं । यो तत्काल रोक्नुपर्छ । लिन नपर्ने मान्छेले पनि सरकारको पैसा र अनुदान लिइरहेका छन् । केही घटाउन सकिने क्षेत्र छन् । आयातलाई क्रमिक रूपमा हटाउनुपर्छ । आयात घटाएर यहाँको उद्योगलाई सरकारले हेरिदिए हुन्छ । अर्थतन्त्रको कायापलट हुन समय लाग्छ, तर सुधारको मार्गमा भने अगाडि बढ्छ नै । हामीले त विदेशबाट फर्केका मानिसलाई उद्योग खोल्ने वातावरण बनाउनुपर्छ ।

**महासंघले "भिजन पेपर" नै सार्वजनिक गरेर अभियानात्मकरूपमा काम गर्ने भनेको थियो । तर, अपेक्षित काम हुन सकेको छैन, त्यसप्रति यहााको टिप्पणी के छ ?**

भिजन पेपर बनाउने काम सरकारको हो । हामीले सहयोग गर्ने हो, कार्यकारी होइनौं । हाम्रो भिजनलाई त सरकारका तर्फबाट कार्यान्वयन गराउन सक्नुपर्छ । हामीले आमव्यवसायीलाई लबिङ गर्न छाडेर आफ्ना लागि लबिङ गर्न थाल्यौं । यसकारण आसेपासे पुँजीवाद मौलाउने र विस्तारित हुने अवस्था आयो । हामीले 'क्रोनी क्यापिटलिज्म'लाई खत्तम गर्नैपर्छ । भिजन पेपरलाई सरकारले आत्मसात गर्नुपर्छ ।

**तपाईं महासंघको वरिष्ठ उपाध्यक्षमा विजयी हुन्छु भन्नेमा कतिको विश्वस्त हुनुहुन्छ ?**

जिल्लामा हाम्रो बढी मतभार छ । सातै प्रदेशमा हामीले जितेका छौं । ती सबैको मत मलाई आउँछ । मेरो एजेण्डा र आत्मविश्वास दुवै छ । मेरा कुराका विश्वास गर्ने, चित्त बुझाउने धेरै मानिस छन् । निःस्वार्थ मानिसलाई चयन गरेर नेतृत्वमा पुऱ्याउनुपर्छ । सबैभन्दा ठूलो कुरा मलाई हारसँग डर छैन । जो हारसँग डराउँदैन, उसले जरुर जित्छ नै ।

# सेती नदीको दोहन रोक्न संरक्षण अभियान

**कास्की–** अन्नपूर्ण हिमशृंखलाबाट उद्‍गम भई कास्की जिल्लाको माछापुच्छ्रे गाउँपालिका र पोखरा महानगरपालिकाको मध्यभाग भएर बग्ने सेती नदीको संरक्षणका लागि संरक्षण अभियान सुरु भएको छ ।

नदीबाट अवैज्ञानिकरूपमा नदीजन्य सामग्रीको उत्खननले नदी तीव्ररूपमा कुरूप हुँदै गएपछि संरक्षणका लागि अभियान सुरु गरिएको हो । केही वर्षदेखि नदीबाट तीव्ररूपले ढुंगा, बालुवा र गिट्टीको उत्खननले वातावरणीय असर पर्न थालेपछि प्रभावित क्षेत्रका नागरिकले अभियान सुरु गरेका हुन् ।

सेती नदीबाट बढ्‍दो सहरीकरणले माग गरेको नदीजन्य सामग्रीको दोहन रोकी नदीको संरक्षण र वैज्ञानिक उपयोग गर्नका लागि अभिप्रेरित गर्न विभिन्न कार्यक्रम सञ्चालन गर्ने गरी अभियान सुरु गरिएको अभियन्ता हेमराज पौडेलले बताए ।

नदी संरक्षण अभियानलाई संरक्षण संस्थाका रूपमा अघि बढाउँदै सेती नदीको वैज्ञानिक नक्सांकन गर्नका लागि सरोकारवाला निकायमा पैरवी गरिने उनले बताए । उनले भने, 'सेती नदी संरक्षणको वैज्ञानिक योजना निर्माण गरी लागू गर्नका लागि तीनै तहका सरकारसँग पैरवी र सहकार्य गर्नेछौं ।'

सेती नदी र यसका मुख्य सहायक नदीहरूको जलाधारलगायत जल, जमिन, जंगल, भौतिक पूर्वाधार र धार्मिक तथा सांस्कृतिकस्थल र संरचनाको संरक्षण र वैज्ञानिक उपयोगसम्बन्धी जनसमुदायमा सचेतना फैलाउने र दोहनको खबरदारी गर्ने गरिने पौडेलले बताए ।

सुरुआतमा सेती नदी बचाउ अभियानको कार्यक्षेत्र पोखरा महानगरपालिका र माछापुच्छ्रे गाउँपालिका रहेको छ । वडाहरूमा सेती नदी बचाऔं जनअभियानका भेलाहरू भएर वडास्तरीय समिति गठन गरिएको छ । सेती बचाउ अभियानले यसअघि पोखरा महानगरपालिका-१९ र माछापुच्छ्रे गाउँपालिकाको सेती नदीको तटीय क्षेत्रमा विनास बढेको भन्दै उत्खनन बन्द गर्न उच्च अदालत पोखरामा रिट दायर गरेको थियो ।

सेती नदीबाट ढुंगा, माटो, गिट्टी, बालुवालगायत नदीजन्य पदार्थको जथाभावी उत्खनन भइरहेको विषयमा परेको रिट निवेदनमाथि सुनुवाइ गर्दै अदालतले यही चैत ८ गते तत्काल उत्खनन रोक्न अन्तरिम आदेश जारी गरेको थियो । अदालतको आदेशपछि समेत उत्खनन नरोकिएको भन्दै अभियन्ताहरूले प्रशासनको ध्यानाकर्षण गराएका छन् ।

सेती नदी र मर्दी नदी दोभान आसपास डोजर, एक्साभेटरलगायतका सामग्री प्रयोग गरी नदी दोहन भइरहेको भन्दै पौडेलले अदालतमा रिट निवेदन दिएका थिए । यसबीच सेती संरक्षण अभियानको शनिबार भएको भेलाले अभियन्ता पौडेलको अध्यक्षतामा सेती संरक्षण संस्था दर्ता गर्ने गरी तदर्थ समिति गठन गरिएको हो ।

समितिको उपाध्यक्षमा धर्मराज बाँस्तोला, सचिव सोमनाथ पौडेल, सहसचिव केशवराज अधिकारी र कोषाध्यक्ष सीता पौडेल (आचार्य) रहेका छन् भने सदस्यमा धरेन्द्रनारायण पौडेल, भुवन पोखरेल, घनश्याम तिमिल्सिना, श्रीप्रसाद घले र चन्द्रा थापा अधिकारी रहेका छन् । *रासस*

# कोभिड महामारीमा खटिएका स्वास्थ्यकर्मीको व्यवस्थापन

**लुम्बिनी–** कोरोना महामारीको समयमा निरन्तर स्वास्थ्य सेवा प्रदान गरेका लुम्बिनी प्रादेशिक अस्पताल बुटवलका स्वास्थ्यकर्मीलाई लुम्बिनी प्रदेश सरकारले व्यवस्थापन गरेको छ ।

लामो समयदेखि अन्योलमा रहेका १९३ जना चिकित्सक तथा स्वास्थ्य प्राविधिकलाई अस्थायी दरबन्दी सिर्जना गरी व्यवस्थापन गरिएको हो । उनीहरू लामो समयदेखि दरबन्दीविहीन अवस्थामा रहँदा पारिश्रमिक पनि पाउन सकेका थिएनन् ।

मुख्यमन्त्री लीला गिरीको निर्देशनसँगै स्वास्थ्यकर्मीलाई प्रोत्साहनसहित व्यवस्थापन गर्ने निर्णय भएको स्वास्थ्यमन्त्री विष्णु पन्थीले बताए । 'कोरोना महामारीको समयमा जोखिम लिएर स्वास्थ्य सेवामा खटिनुभएका स्वास्थ्यकर्मीलाई निराश बनाउने कुरा भएन, त्यसैले अस्थायी रूपमै भए पनि तत्काल व्यवस्थापन गर्नेगरी काम गरेका हौं,' मन्त्री पन्थीले भने ।

कोरोनाकालमा प्रदेश सरकारले नियुक्त गरेका स्वास्थ्य प्राविधिक समस्यामा पर्दै आएका थिए । कोभिड महामारीका तीनै लहरमा आफूहरूले खेलेको भूमिकाको कदर गर्दै लुम्बिनी प्रदेश सरकारले व्यवस्थापन गर्न गरेको निर्णयले हौसला थपिएको प्राविधिक भरतजंग क्षेत्रीले बताए ।

लामो समयदेखि प्रदेश सरकारसँग व्यवस्थापनको माग गर्दै आएकोमा अहिले मात्रै प्रदेश सरकारले निर्णय गरेको हो । लुम्बिनी प्रादेशिक अस्पतालको स्तरवृद्धि भएको र जनशक्ति आवश्यक भएकाले कोरोनाकालमा सेवारत स्वास्थ्य प्राविधिकलाई अस्थायी दरबन्दीमा नियुक्त गर्ने निर्णयले महामारीका बेलामा मोलिएको जोखिमको सम्बोधन भएको बताएका छन् ।

कोरोनाकालमा सेवा गर्ने २२ जना मेडिकल अफिसर, १११ जना स्टाफ नर्स, छ जना ल्याब टेक्निसियन, तीन जना रेडियोग्राफर, दुई जना एनेस्थेटिक, दुई जना अहेब, ३० जना कार्यालय सहयोगी, १४ जना सुरक्षा गार्ड, एक जना बायोमेडिकल टेक्निसियन, एक जना प्लम्बर र एकजना इलेक्ट्रिसियनलाई अस्थायी दरबन्दीमा नियुक्त गर्ने निर्णय भएको सरकारका प्रवक्ता चेतनारायण आचार्यले बताए ।

यसैबीच विगत चार महिनादेखि रोकिएको डाक्टर तथा स्वास्थ्य प्राविधिकको पारिश्रमिक निकासा गर्ने निर्णय पनि भएको उनले बताए । *रासस*

## सच्याइएको

यस प्रभाव दैनिकको वर्ष ९ अंक ३२४ चैत ११ गते २०७९ मा प्रकाशित **MUNAL OVERSEAS PVT. LTD.** को Lot No. 279903 को **BIERHAUS CAFE SDN BHD** कम्पनीको विज्ञापनमा **साउदी/मलेसियामा वैदेशिक रोजगारको अवसर** हुनुपर्नेमा अन्यथा हुन गएकोले सच्याईएको जानकारी गराईन्छ ।

**Munal Overseas Pvt. Ltd.** श्रम ईजाजत नं. ४६३/०६०/०६१

Kalamatidole, Airport, Ktm, Nepal. Tel.: +977-01-4461297, 4468625, Fax: +977-01-4462046

## रद्द गरिएको सूचना

यस प्रभाव दैनिकको वर्ष ९ अंक ३२४ चैत १२ गते २०७९ मा प्रकाशित भएको **Fishtail Overseas Pvt. Ltd.** को Lot No. **283209** को Electrolux Maintenance And Commercial Service कम्पनीको विज्ञापन भूलवस प्रकाशित हुन गएकोले **नेपाल सरकार वैदेशिक रोजगार विभाग**को नियम अनुसार यस विज्ञापन रद्द गरिएको यसै सूचना मार्फत जानकारी गराइन्छ ।


## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : ABDUL MAJEED ABDUL RAHMAN AL JERAISY RECRUITMENT COMPANY BRANCHt

पूर्व स्वीकृति मिति २०७८/१/९ | पुन विज्ञापन स्वीकृति मिति : २०७९/१२/१२ | LT. No. 257817 | चलानी नं. ६०१९२४९०

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Normal Factor | 100 | 0 | 1000 | ३५,१४९ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०७९ चैत २० गते (3th Apr. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्योहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्योहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्योहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले | सेवा शुल्क: नि:शुल्क

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न् परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**RECENT JOB PLACEMENT PVT. LTD** श्रम ईजाजत नं. १३१८/७४/७५

Tokha Municipality-05, Basundhara-8, Kathmandu Tel: +977-1-439046, 4355536

Email: recentjobplacement@gmail.com.np, Website: www.recentjobplacement.com

## मलेसियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : HUP SOON SEAFOOD SDN BHD

पूर्व स्वीकृति मिति २०७९/०८/०८ | पुन विज्ञापन स्वीकृति मिति २०७९/१२/१२ | LT. No. 276052 | चलानी नं. ६०१९१९२३

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Factory Worker (Manufacturing Sec.) | 10 | 0 | 1500 | ४४,७३० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०७९ चैत २० गते (3rd Apr. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्योहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्योहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्योहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवतवस्था: रु. १,५००/- कामदार आफैंले | सेवा शुल्क: नि:शुल्क/-

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न् परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**SWIFT H.R. SOLUTION PVT. LTD.** श्रम ईजाजत नं. ११९७/०७३/०७४

Samakhusi-26, Kathmandu, Nepal, Phone: +977-1-4952852, 4964820

Fax: 4352852, E-mail : swifthr12@gmail.com Website : swifthrsolution.com

## कुवेतमा वैदेशिक रोजगारको अवसर

कम्पनी : MODISH UNITED READYMADE CLOTHS COMPANY

पूर्व स्वीकृति मिति २०७९/०८/२१ | पुन विज्ञापन स्वीकृति मिति २०७९/१२/१२ | LT. No. 277357 | चलानी नं. ६०१९२९१५

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Women's Cloth Saler/ Sales Girl | 0 | 17 | 135 | ६०,६८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Cleaner | 0 | 3 | 90 | ३०,३४० | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय ललितपुरमा मिति: २०७९ चैत २० गते (3rd Apr. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्योहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्योहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्योहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले | सेवा शुल्क: नि:शुल्क

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य, लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न् परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**Supreme Overseas Pvt. Ltd.** श्रम ईजाजत नं. ३०१/०५९/०६०

Koteshwor-35, Kathmandu, Nepal.

Phone: +977-1-4610716, 9813327241, 9741877355, 9841359033, 9851107202

Email: supremeovs@yahoo.com, supremeover301@gmail.com,

Web: www.supremeoverseas.com.np

## मलेसियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : FAJAA MURUDANA SDN. BHD.

पूर्व स्वीकृति मिति : २०७९/१२/१२ | LT. No. 283460 | चलानी नं.६०१९८८२८

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Washing & Cleaning Worker | 70 | 0 | 1500 | ४४,७३० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०७९ चैत १५ गते (29th Mar. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्योहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्योहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्योहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | कामदार आफैंले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवतवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: नि:शुल्क

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला

**SR GROUP NEPAL PVT.LTD** श्रम ईजाजत नं. १२५९/०७४/०७५

Bhimsengola, Old Baneshwor, Kathmandu, Nepal

Tel. No. +977-1-4480472/4495335, Fax: +977-1-4489971 P.O. Box: 21269

## मलेसियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : ELITE COATING SDN BHD

पूर्व स्वीकृति मिति : २०७९/०४/३१ | पुन विज्ञापन स्वीकृति मिति : २०७९/१२/१२ | LT. No. 269652 | चलानी नं. :६०१८५५७०

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | General Worker | 20 | 0 | 1500 | ४४,७३० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय ललितपुरमा मिति: २०७९ चैत २० गते (3rd Apr. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्योहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्योहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्योहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवतवस्था: रु. १,५००/- कामदार आफैंले | सेवा शुल्क: नि:शुल्क/-

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न् परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**S.And S.Human Resource Pvt. Ltd.** श्रम ईजाजत नं. १२३८/०७४/०७५

Mahalaxmisthan, Lalitpur, Nepal Tel : +977-1-5523287

Fax : +977-1-5523287, E-mail : sands1238@gmail.com

## मलेसियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : ELK- DESA FURNITURE INDUSTRIES SDN BHD

पूर्व स्वीकृति मिति :२०७९/03/१८ | पुन विज्ञापन स्वीकृति मिति २०७९/१२/१२ | LT. No. 266329 | चलानी नं. ६०१८२४३८

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Factory Worker (Manufacturing Sec.) | 30 | 0 | 1500 | ४४,७३० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०७९ चैत २० गते (3rd Apr. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्योहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्योहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्योहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवतवस्था: रु. १,५००/- कामदार आफैंले | सेवा शुल्क: नि:शुल्क/-

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न् परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**GURUNG MANAGEMENT OVERSEAS PVT. LTD.** Govt. License 404/060/061

P.o.Box.:15142, Basundhara, Kathmandu, Nepal

Tel: +977-1-4386936,4388012,4388013, 4380659 Fax: +977-1-4386937

E-mail: gurungoverseas@gmail.com, info@gurungoverseas.com.np, Website : www.gurungoverseas.com.np

## Zero Cost Recruitment Opportunity For Malaysia
## मलेशियामा निशुल्क रोजगारीमा जाने अवसर

**Shin-Etsu (Malaysia) abides to Zero Cost Recruitment Policy and major Recruitment costs will be borne by Shin-Etsu such as visa stamping, flight ticket, levy, medical checkup, PDO, Insurance, welfare fund, recruitment fund, recruitment fee, orientation class fee..**

**सिन-इत्सु (मलेसिया)ले नि:शुल्क भर्ती (लागत फ्रि) नीति को पूर्ण परिपालन गर्छ, भिसा छाप लगाउने, हवाई टिकट, लेवी, स्वास्थ्य जाँच, पिडिओ, बिमा, कल्याण कोष, भर्ती कोष, भर्ती शुल्क अभिमुखीकरण कक्षा शुल्क जस्ता खर्चहरू सिन-इत्सुले व्यर्होनेछ ।**

**Moreover, Shin-Etsu will provide partial subsidy to the selected candidate from the interview process only as below:**

1) Transportation of NPR 750 per way (Shin-Etsu will expenses for; interview (2 way) & Departure (1 way)
2) Accommodation & Food of NPR 450 per day (Shin-Etsu will bare expenses for interview ( 2 days) & Departure (4 days)
3) Passport will only be fully borne by Shin-Etsu if it is a new passport for the sole purpose for employment at Shin-Etsu. Passport costs will not be reimbursed if the workers has used the passport for previous employment at another company or country or used for own personal travel.

**यसबाहेक, सिन-इत्सुले अन्तर्वार्ता प्रक्रियाबाट छानिएका उम्मेदवारको निम्नलिखित खर्चहरुको आंशिक अनुदान प्रदान गर्नेछ:**

१) यातायात खर्च प्रतिमार्ग नेरु.७५० (अन्तरवार्तामा (दुईतर्फी र प्रस्थानमा (एकतर्फी) खर्च सिन-इत्सुले दिनेछ )
२) आवास तथा खानाको प्रतिदिन नेरु. ४५० (अन्तवार्तामा २ दिन) र प्रस्थानमा (४ दिन) सिन-इत्सुले दिनेछ )
३) सिन-इत्सु रोजगारीमा जाने एकल उदेश्यले नयाँ राहदानी बनाउदाँ त्यसको पुरै लागत सिन-इत्सुले व्यर्होनेछ । कामदारले राहदानी अन्य कम्पनी वा देशमा अघिल्लो रोजगारीका लागि प्रयोग गरेको वा आफ्नै व्यक्तिगत यात्रामा प्रयोग गरेको भए राहदानीको खर्च दिइने छैन ।

**COMPANY: SHIN-ETSU (MALAYSIA)SDN.BHD.**

पूर्व स्वीकृति मिति २०७९/१२/१२ | LT. No. 283303 | चलानी नं.६०१९८८३४

| SN | CATEGORY | No.of workers Male | No.of workers Female | SALARY RM | SALARY Rs. | बस्ने सुविधा Accomodation Facility (रिङ्गिट ५० कामदार को मासिक तलबाट काटिने छ RM 50 deduction form monthly wage) | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Factory Worker | 50 | 0 | 1500 | ४४,७३० | | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

**Pre-Interview will be conducted on 7 & 9th April while Final Interview will be conducted on 11 & 12th April, 2023 in office premisees.**

**प्रि-अन्तर्वाता मिति २०७९ चैत २४ र २६ मा हुनेछ भने फाइनल अन्तर्वाता चैत २८ र २९ गते कार्यालय परिसरमा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्योहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्योहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्योहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले | दिने | रोजगारदाता कम्पनीले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले |
| Who will Provide the expenses for the pre-medical in the country and how much | Will the employer company provide the medical expenses? | Who will bear the cost and Insurance in the country and How much. | Is insurance provide or not during the Employment and Who will bear the Cost? | Who will pay the air ticket and how much will it cost? | Who will pay the visa fee and how much? | How much is the orientation fee and who will bear it? | Who will pay the visa stamping fee? |
| Employer will pay medical expenses. | Will provide | Yes, Employer will provide | By the Employer | Employer will provide | Employer will provide | Employer will bear the cost | Employer |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रोजगारदाता कम्पनीले | सेवा शुल्क: नि:शुल्क

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । २) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ३) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ४) काममा विदेश जादा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ५) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न् परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

1. Keep the contact details and location of the Nepali Diplomatic Mission in the country you are going for employment. In times of difficulty it will be easy to contact.
2. Before going abroad Orientation or Induction Training should be attended mandatorily.
3. Before going abroad, sign the employment contract only after checking in details about the name of the country , name of the company , company's facilities, service terms and conditions mentioned in the agreement thoroughly and keep a copy of the same.
4. While going abroad use the International Airport of Nepal or else you might be deceived.
5. If you want to know further details regarding this advertisement please contact the Department of Foreign Employment(DOFE), Buddhanagar.

**नोट : यदि कसैले कुनै प्रकारको झुटा प्रलोभन दिने वाचा गरे वा कुनै पनि प्रकारको कानूनी गतिविधि आर्थिक लाभ तथा बलको माग गरे कृपया हामीलाई निम्न नम्बरमा सम्पर्क गर्नहेस् ।**

**Note: If anyone promises any kind of false temptations, or demands financial benefits or forces into any kind of illegal activities, please contact us immediately on the following contact numbers:**

**Helpline Number: +977-1-4485647, 4485648, 4485649+977-9801094682/9801094683**

**Note: Nepal Recruitment Consultancy does not have any branch/mediator/agent or sub-agent.**

**नोट: नेपाल रिक्रुटमेन्ट कन्सल्टेन्सीको कुनै पनि शाखा मध्यस्थल (दलाल) वा एजेन्ट छैन ।**

**Nepal Recruitment Consultancy Pvt. Ltd.**

Sambhu Marg-Airport, Kathmandu, Nepal, Tel.: +977-1-4585647, 4585648

Fax: +977-1-4485649, Email: info@nrc.com.np, Website: www.nrc.com.np

## मलेसियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : RESTORAN LOON SING (JB) SDN BHD

पूर्व स्वीकृति मिति २०७९/०९/१४ | पुन विज्ञापन स्वीकृति मिति : २०७९/१२/१२ | LT. No. 278485 | चलानी नं. ६०१९४१०९

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Resturant Crew | 89 | 0 | 1500 | ४४,७३० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

कम्पनी : GB PLAS SDN BHD

पूर्व स्वीकृति मिति २०७९/१२/१० | LT. No. 283250 | चलानी नं. ६०१९८८०८

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Factory Worker | 20 | 0 | 1500 | ४४,७३० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०७९ चैत २० गते (3rd Apr. 2023) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कसले व्योहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको मेडिकल खर्च कसले व्योहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कसले व्योहोर्ने / कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कसले तिर्ने | कामदारलाई हवाई टिकट कसलेदिने र कति लाग्ने | भिषा शुल्क कसले व्योहोर्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्योहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्योहोर्ने | कामदार आफैंले | बिमा हुने /प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले दिने | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु.१,५०० कामदार आफैंले | सेवा शुल्क कति लाग्ने र कस्ले व्योहोर्ने : नि:शुल्क

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न् परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**Muskan Overseas Pvt. Ltd.** Govt. License 1342/074/75

Samakhushi -26, Kathmandu, Nepal, Tel: + 977-1-4359026, 4363094

Email: muskanoverseas786@gmail.com,Web: www.muskanoverseas.com.np

रूपशाला

## आकांक्षाले गरिन् आत्महत्या

भोजपुरी नायिका आकांक्षा दुबेले बनारसको एक होटलमा आत्महत्या गरेकी छिन् । सारनाथ थाना क्षेत्रको सोमेन्द्र होटलमा मोडल तथा नायिका आकांक्षा दुबेले झुन्डिएर आत्महत्या गरेकी हुन् । भोजपुरी इन्डष्ट्रिकी उनी चर्चित अनुहार थिइन् । आकांक्षाले 'वीरों के वीर' र 'कसम पैदा करने वाले की २' नामको फिल्ममा काम गरेकी थिइन् । आज २६ मार्चमा नै भोजपुरी अभिनेता पवन सिंहसँग उनको नयाँ गीत रिलिज भएको छ । यो गीतको नाम 'आरा कभी हारा नहीं' हो । नायिकाले आत्महत्या गर्नुको कारण भने खुलेको छैन ।



# भिनुमाले जितिन् छैटौं 'मिस लिम्बू'को उपाधि



■ प्रभाव संवाददाता

**काठमाडौं–** 'सम्मान मिस लिम्बू'को उपाधि भिनुमा पाहिम लिम्बूले जितेकी छन् । आफ्ना १७ जना प्रतिस्पर्धीलाई पछि पार्दै तेह्रथुम खाम्लालुङकी भिनुमा छैटौं 'मिस लिम्बू' बन्न सफल भएकी हुन् ।

'बौद्धिक विकास र सौन्दर्य, पहिचान र संस्कृति' भन्ने नारासहित शनिबार काठमाडौंमा आयोजित 'सम्मान मिस लिम्बू-२०७९' १८ जना फाइनालिस्टमध्ये मुख्य निर्णायकले सोधेको प्रश्नमा उत्कृष्ट जवाफ दिँदै भिनुमा यस सस्करणको मिस लिम्बू घोषित भएकी हुन् ।

याक्थुङ युथ एसोसिएसन (वाइवाइए)द्वारा आयोजित 'मिस लिम्बू-२०७९'का पाँचथरकी काजल सेलिङ लिम्बू र फस्ट रनरअप र धनकुटाकी मुना चेम्जोङ लिम्बू सेकेण्ड रनरअप भएका छन् । विजेता तीनै जनालाई ताज र नगद पुरस्कार प्रदान गरिएको छ ।

'सम्मान मिस लिम्बू'को शीर्ष विजेता भिनुमाले नगद एक लाख रूपैयाँसहित स्कुटरसमेत प्राप्त गरेकी छन् ।

यस्तै, फस्ट रनरअप काजलले नगद एक लाखसहित र विभिन्न गिफ्ट ह्याम्पर तथा सेकेण्ड रनरअप मना चेम्जोङले नगद ५० हजारसहित विभिन्न गिफ्ट ह्याम्पर प्राप्त गरेकी छन् ।

कार्यक्रममा पूर्वमिस नेपालद्वय माल्भिका सुब्बा, इभाना मानन्धर, वरिष्ठ कलाकार सुनिल थापा, कोरियोग्राफर जयन सुब्बा मानन्धर, नेत्र चिकित्सक डा बेन सुब्बा, पूर्वमिस लिम्बू मेरिना पोमु लिम्बूलगायत निर्णायक रहेका थिए । प्रतियोगितामा विभिन्न १६ वटा सबटाइटल अवार्डसमेत प्रदान गरिएको थियो ।

संस्कृति, पर्यटन तथा नागरिक उडयनमन्त्री सुदन किरातीको प्रमुख आतिथ्यमा सम्पन्न कार्यक्रममा प्रथम नेपाली तारा दिपक लिम्बू, गायक कन्चन थलङलगायतले गीतसंगीत प्रस्तुत गरेका थिए ।

# 'हेरिटेज पेजेन्टस् २०२३' को तयारी सुरु

■ प्रभाव संवाददाता

**काठमाडौं–** विश्वका विभिन्न मुलुकका सम्पदा र संस्कृतिको जगेर्ना तथा प्रवर्द्धन गर्ने उदेश्यले सुरु भएको सौन्दर्य प्रतियोगीता 'हेरिटेज पेजेन्टस्' को नयाँ संस्करण सुरु भएको छ। आयोजक ईप्लानेट सिंगापुरले एक बिज्ञप्ती जारी गर्दै प्रतियोगीताको नयाँ संस्करणको तयारी सुरु भएको हो ।

आगामी नोभेम्बरमा थाइल्याण्डमा आयोजना हुने प्रतियोगीताको अध्यक्षमा इ-प्लानेट नेपालका सन्तोष सापकोटा र कोरियोग्राफर रोजिन शाक्य रहनेछन् । आवेदन समेत खुल्ला गरिएको प्रतियोगीताको कार्यक्रम संयोजक सुसान सनफुर्मी कोह र स्थानिय कोअडिनेटर फन्तिप सृवारान्यो रहेका छन् । प्रतियोगीतामा मिस तर्फ १८ देखि २७ र मिसेस् तर्फ २० देखि ४५ वर्ष उमेर समूहकाले सहभागीता जनाउन सक्ने आयोजक संस्थाका अध्यक्ष सन्तोष सापकोटाले बताए ।

हेरिटेज पेजेन्ट एउटा अन्तर्राष्ट्रिय सौन्दर्य प्रतियोगिता हो । जसले शान्ति, वातावरण, पर्यटन, संस्कृति र सबै भन्दा माथि विश्वव्यापी सम्पदालाई विश्वव्यापी परिप्रेक्ष्यबाट प्रवर्द्धन गर्ने प्रयास गर्दछ । 'बुद्ध र सगरमाथा नेपालीको पहिचान, सम्पदा, संस्कृति, पर्यटन प्रवर्द्धन र सम्वर्द्धन हाम्रो अभियान' भन्ने मुल नाराका साथ ई-प्लानेट नेपालको आयोजना यो प्रतियोगीता पहिलो पटक २०१४ मा नेपालमा आयोजना गरिएको हो । प्रतियोगिताको दोस्रो संस्करण सन् २०१५ मा भारतको नयाँ दिल्ली, तेस्रो संस्करण सन् २०१६ मा श्रीलंका, चौथौं संस्करण सन् २०१९मा सिंगापुर तथा पाँचौं संस्करण सन् २०२२ मा मलेशियामा आयोजना भएको थियो ।




ईप्लानेट नेपाल सिंगापुरको अर्किड कन्ट्रि क्लबमा आयोजित विशेष समारोहमा एसिया प्यासिफीक प्रेस्टिजियस विजनेस ब्राण्ड अवार्डबाट सम्मानित संस्था हो । ईप्लानेटले देश भित्र क्षेत्रिय एवं राष्ट्रिय स्तरमा विभिन्न सौन्दर्य प्रतियोगिता, सभा सम्मेलन, प्रदर्शनी एवं कर्पोरेट इभेन्टहरूको सफल व्यवस्थापन गर्दै आएको छ ।

# भाइ र पूर्वपत्नीविरुद्ध नवाजुद्दीनको मुद्दा

■ प्रभाव संवाददाता

**मुम्बई–** केही समययता पारिवारिक तनावमा रहेका बलिउड अभिनेता नवाजुद्दीन सिद्दीकीले आफ्नो भाइ शमसुद्दीन र पूर्वपत्नी अन्जना पाण्डेविरुद्ध मानहानीको मुद्दा दायर गरेका छन् ।

नवाजुद्दीनले भाइ र पूर्व पत्नीको भ्रामक दावीका कारण आफ्नो मानहानी र उत्पीडन भएको भन्दै क्षतिपूर्तिवापत सय करोड रूपैंयाँको मागसमेत गरेका छन् । नवाजुद्दीनका वकिल सुनील कुमारले मुद्धा दर्ता गरेका हुन् । मुद्दाको सुनुवाई मार्च ३० मा हुनेछ ।

मुद्दामा नवाजुद्दीनका भाई र पूर्व पत्नीलाई आफ्नो सामाजिक सञ्जालमा कुनै पनि मानहानी हुने सामाग्री प्रकाशित नगर्न चेतावनी दिइएको छ । दुवैलाई सामाजिक सञ्जालबाट अपमानजनक आरोप फिर्ता लिन पनि आग्रह गरिएको छ । नवाजले भाइ र पूर्व पत्नीलाई आफूलाई बद्नाम गरेकोमा लिखित रूपमा सार्वजनिक माफी माग्न भनेका छन् ।

नवाजले अदालतलाई आफुमाथि झुठो र दुर्भावनापूर्ण जानकारी दिने व्यक्तिको खुलासा गर्न निर्देशन माग गरेका छन् । सन् २००८ मा शमसुद्दीनले आफू बेरोजगार भएको बताएपछि नवाजुद्दीनले उनलाई आफ्नो प्रबन्धक नियुक्त गरेका थिए । शमसुद्दीनलाई अडिट, आयकर दर्ता गर्ने, जीएसटीको भुक्तान गर्ने जिम्मेवारी दिइएको थियो ।

नवाजुद्दीनले आफूलाई क्रेडिट कार्ड, डेबिट कार्ड, एटीएम, हस्ताक्षरयुक्त चेकबुक, बैंकको पासवर्ड, इमेल र सबै कुरा भाईलाई दिएपनि भाईले आफूमाथि धोका दिएर आर्थिक अपचलन गरेको आरोप लगाएका छन् ।

## रंगशाला

साफ यू-१७ महिला च्याम्पियनसिप

# रसियासँग नेपाल पराजित

■ प्रभाव संवाददाता



**काठमाडौं–** साफ यू-१७ महिला च्याम्पियनसिप फुटबल प्रतियोगिताको तेस्रो खेलमा नेपालले रसियासँग हार व्यहोरेको छ ।

ढाकास्थित बीएसएसएस मोस्ताफा कमल स्टेडियममा नेपाललाई रसियाले ३-० गोल अन्तरले हराएको हो । पहिलो हाफमा रसियालाई गोलरहित बराबरीमा रोकेको नेपालले दोस्रो हाफमा गोल व्यहोरेको थियो ।

खेलको ६३ औं मिनेटमा एलिनाले गोल गर्दै रसियालाई सुरुआती अग्रता दिलाएका थिए ।

खेलको ७४ औं मिनेटमा एलिना गोलीकले व्यक्तिगत दोस्रो गोल गर्दै रसियालाई २-० को अग्रता दिलाए । त्यसपछि खेलको ८३ औं मिनेटमा पोलिनाले गोल गर्दै रसियालाई ३-० को जित दिलाईन् । रसियाको यो लगातार तेस्रो जित हो। रसियाले ३ खेलमा ९ अंक जोडेको छ।

रसिया शीर्ष स्थानमा उक्लिएको छ। नेपालको यो दोस्रो हार हो । नेपाल ३ खेलमा ३ अंक जोडेर चौंथो स्थानमा रहेको छ । प्रतियोगितामा आयोजक बंगलादेश, नेपाल, भारत, भुटान र रसियाको सहभागिता रहेकोछ। नेपालले अब चौंथो खेलमा मंगलबार आयोजक बंगलादेशसँग खेल्नेछ। राउण्ड रोबिनको आधारमा हुने प्रतियोगिताको शीर्ष टोलीले उपाधि जित्नेछ ।

# गौतमबुद्ध रंगशाला सरकारले बनाउने

■ प्रभाव संवाददाता


**काठमाडौं–** रकम अभावका कारण रोकिएको गौतमबुद्ध अन्तराष्ट्रिय क्रिकेट रंगशाला सरकारले बनाउने भएको छ ।

धुर्मुस सुन्तली फाउन्डेसनले चितवनमा बनाउन लागेको अन्तराष्ट्रिय स्तरको रंगशाला रकम अभावका कारण अलपत्र अवस्थामा छ । सरकारले मन्त्रीपरिषद्बाट निर्णय गरेर अलपत्र अवस्थामा रहेको रंगशालाको निर्माण कार्य अघि बढाउने अन्तिम तयारी गरेको हो ।

'भरतपुर महानगरले निर्णय गरेर मन्त्रीपरिषद्मा लैजाने र सरकारले ऋण सहितको स्वामित्व लिएर आफै रंगशाला निर्माण गर्ने गरि तयारी अघि बढेको छ। केही दिनमै मन्त्री परिषद्बाट औपचारिक निर्णय हुन्छ।' भरतपुर महानगर स्रोतले खेलपाटीसँग भन्यो ।

धुर्मुस सुन्तली फाउन्डेसनले आर्थिक स्रोत जुटाउन नसकिएको उल्लेख गर्दै सहमती अनुसार स्वामित्व लिन भरतपुर महानगरलाई अनुरोध गरेको थियो । महानगरले समेत औपचारिक निर्णय गरेर स्वामित्व ग्रहणको प्रक्रिया अघि बढाएको थियो ।

'ऋण सहितको दायित्व सरकारले लिने र फाउन्डेसनलाई अनुदान दिएर ऋण चुक्ता गर्ने गरि मस्यौदा तयार भएको छ । मन्त्रीपरिषद्ले ऋण चुक्ता र निर्माणको प्रस्ताव एकै चोटी पारित गर्ने तयारी छ।' महानगर स्रोतले भन्यो ।



धुर्मुस सुन्तलीको ऋण सरकारले तिरिदिने बताएपनि निर्माणको दुई मोडालिटीमा छलफल भैरहेको छ। निर्माणको बाँकी काम संघीय सरकार आफैले बनाउने वा प्रदेश सरकारले निर्माणको जिम्मेवारी लिएर संघीय सरकारले ससर्त अनुदान दिने भन्ने विषय छलफलमा छ । बागतमी प्रदेश सरकार आफै निर्माणको जिम्मेवारी लिएर अन्तराष्ट्रिय क्रिकेट रंगशालामा काम गर्न इच्छुक देखिएको छ। साढे ३ अर्व लागतको परियोजनामा ५४ करोड रूपैयाँ खर्च भएको धुर्मुस सुन्तली फाउन्डेसनको जनाएको छ ।

कोभिडका कारण बिग्रिएको आर्थिक अवस्थाका कारण १८ करोड ऋण लागेको फाउन्डेसनले बताउने गरेको छ । रंगशालाको भौतिक पूर्वाधारको ३५ प्रतिशतको काम सकिएको फाउन्डेनको दावी छ ।

# आशिक र निमेशलाई उपाधि

**काठमाडौं (प्रस)–** गण्डकी प्रदेशमै पहिलो पटक आयोजना भएको नेपाल रोड रेसिङ च्याम्पियनसिपको उपाधि आशिक लामा र निमेश ठकुरीले जितेका छन् ।

पोखरा रगंशालामा आयोजित १ सय ५० सीसीको मोटरसाईकल रेसिङको नेश्नलमा आशिक र नोभिसमा निमेश पहिलो भएका हुन्। दोश्रो स्थान राजकुमार कार्कीले हात पारेका छन् भने युकेश थापा तेश्रो भएका छन्। त्यसैगरि नोभिस क्याटेगोरीमा दिलिप दनुवार दोश्रो हुदाँ मङ्गगेष जोशी तेश्रो भएका छन्।

नेपाल अटोमोबाईल्स एसोसिएसन (नासा नेपाल) मा आबद्ध क्लब मोटर स्पोर्टस नेपाल द्वारा आयोजित नेपालकै लोकप्रिय बाइक रेसिङमा नोभिसतर्फ ४७ जना प्रतिस्पर्धी थिए भने नेशनलतर्फ १८ राइडर्सले भाग लिएका थिए ।




यमाहा मोटरसाइकल मूख्य प्रायोजक रहेको रेसिङका विजयीहरूलाई गण्डकी प्रदेशका सांसद तथा पूर्व खेलकुद मन्त्री राजीव गुरुङ्ग, निवर्तमान राखेप बोर्ड सदस्य सम्पन्न श्रेष्ठ, र पोखरा महानगर खेलकुद विकास समितिका दिपक बहादुर गोदार पुरस्कारले वितरण गर्नुभएको थियो ।

कार्यक्रममा बोल्दै पूर्व खेलकुद मन्त्री गुरुङले यस किसिमको प्रतियोगिताको निम्ती आफ्नो साथ र समर्थन रहेको जानकारी गराए। कार्यक्रममा नासा नेपालका सचिव सन्तोष न्यौपाने, प्रदेश खेलकुद सदस्य योगेन्द्र गुरुङ तथा आकृती भण्डारी र पश्चिमाञ्चल खेलकुद विकास समितिका लक्ष्मण योगी लगायतको उपस्थिती रहेको थियो ।

विश्वकै लोकप्रिय मानिएको मोटरसाईकल रेसिङ सन् २००८ बाट नेपालमा प्रवेश भएको हो । विश्व मोटरसाईकल महासंघ फेडेरेसन इन्टरनेशनल डे मोटरसाईक्लीजमको नेपाल च्याप्टरको रूपमा नासा नेपाल र त्यसको मातहतका दर्जनौ क्लबहरू मोटरसाइकल रेसिङ, र्याली र टुरिङमा क्रियाशिल रहेका छन् ।

खप्तड गोल्डकप

# फ्रेन्ड्सलाई हराउँदै थ्री-स्टार सेमिफाइनलमा

■ प्रभाव संवाददाता

**धनगढी–** थ्री स्टार क्लब छैठौं संस्करणको मुख्यमन्त्री सुदूरपश्चिम खप्तड गोल्डकपको सेमिफाइनलमा प्रवेश गरेको छ ।

धनगढी रंगशालामा आइतबार भएको खेलमा फ्रेन्ड्स क्लबलाई १-० गोल अन्तरले हराउँदै अन्तिम चारमा स्थान बनाएको हो । पहिलो हाफ गोलरहित बराबरी खेलेको थ्री स्टारले दोस्रो हाफमा गोल गरेको थियो । थ्री स्टारका लागि खेलको ५९ औं मिनेटमा दिपेश गुरुङले गोल गर्दै जित दिलाएका हुन् । खेलको एसपीए 'म्यान अफ दी म्याच' दिपेश गुरुङ घोषित भएका छन् ।

जितसँगै थ्री स्टारले सोझै सेमिफाइनलमा स्थान बनाएको छ। थ्री स्टारले अब सेमिफाइनलमा सुदूरपश्चिम-११ र नेपाल पुलिस क्लबबीचको विजेतासँग खेल्नेछ । खेल चैत १६ गते हुनेछ ।

प्रतियोगिता अन्तरगत सोमबार मनाङ मर्स्याङ्दीले बागमती युवा क्लबसँग प्रतिस्पर्धा गर्नेछ । खेल दिउसो ३:३० बजे सुरु हुनेछ ।

मोफसलको सर्वाधिक पुरस्कार राशीको प्रतियोगिताको विजेताले २१ लाख रूपैयाँ र उपविजेताले १० लाख रूपैयाँ प्राप्त गर्नेछन् । सुदूरपश्चिम प्रदेश सरकार मुख्य प्रबर्द्धक रहेको प्रतियोगितालाई सुदूरपश्चिम ११ स्पोर्टस क्लबले आयोजना गरेको हो । प्रतियोगितामा आयोजकसहित 'ए' डिभिजन ६, विदेशी टोली २ र मोफसलको एक गरी १० टोलीको सहभागिता रहेको छ । चैत ९ गतेदेखि सुरु भएको प्रतियोगिताको फाइनल खेल १८ गते हुनेछ ।

# चीन र होन्डुरसबीच कूटनीतिक सम्बन्ध स्थापना



**बेइजिङ–** चीन र मध्य अमेरिकी राष्ट्र होन्डुरसबीच कूटनीतिक सम्बन्ध स्थापना भएको छ । ताइवानसँगको ८० वर्ष पुरानो कूटनीतिक सम्बन्ध विच्छेद गर्दै तेगुसिगल्पाले बेइजिङसँग आइतबार औपचारिकरूपमा सम्बन्ध स्थापना गरेको हो ।

कूटनीतिक सम्बन्ध स्थापनासम्बन्धी संयुक्त विज्ञप्तिमा चीन र होन्डुरसका विदेशमन्त्रीले हस्ताक्षर गरेका छन् । चीनले तेगुसिगल्पाको निर्णयलाई सही विकल्प भन्दै त्यसको स्वागत गरेको छ ।

होन्डुरस र ताइवानले औपचारिकरूपमा एकआपसको सम्बन्ध विच्छेद भएको औपचारिक घोषणा गरेसँगै तेगुसिगल्पा र बेइजिङबीच कूटनीतिक सम्बन्ध कायम भएको हो । विश्वका १४ सार्वभौम राष्ट्रसँग कूटनीतिक सम्बन्ध कायम गरेको ताइवानलाई अब भ्याटिकन सिटीलगायत १३ देशले मात्र मान्यता दिएका छन् ।

यसैबीच, एसोसिएटेड प्रेसले दुई देशबीचको नयाँ सम्बन्ध बेइजिङ र संयुक्त राज्य अमेरिकाबीचको बढ्दो तनावका बेला कायम भएको जनाउँदै स्वशासित ताइवानप्रति चीनको बढ्दो दृढता र ल्याटिन अमेरिकामा बढ्दो चिनियाँ प्रभावको संकेत गरेको बताएको छ ।

होन्डुरसको विदेश मन्त्रालयले आफ्नो देशको सरकारले विश्वको एउटा मात्र चीनलाई मान्यता दिने र समग्र चीनको प्रतिनिधित्व बेइजिङले गरेको बताएको छ । ताइवान चिनियाँ क्षेत्रको अविभाज्य भाग भएको उल्लेख गर्दै मन्त्रालयले जारी गरेको विज्ञप्तिमा ताइवानसँग औपचारिक सम्बन्ध कायम नगर्ने वाचा गरेको छ । तेगुसिगल्पाल ताइपेइसँगको कूटनीतिक सम्बन्ध तोडिएको जानकारी दिइएको विज्ञप्तिमा जनाइएको छ ।

ताइवानका विदेशमन्त्री जोसेफ वुले पनि आइतबार ताइपेइमा आयोजित पत्रकार सम्मेलनमा आफ्नो मर्यादा र सार्वभौमसत्ता रक्षाका लागि होन्डुरससँगको सम्बन्ध तोडेको बताएका छन् । होन्डुरससँगको आफ्नो देशको सम्बन्ध स्थिर रहेका बेला चीनले प्रलोभन दिएर ताइपेइसँगको सम्बन्ध तोडेको आरोप विदेशमन्त्री वुले लगाए । साथै, उनले होन्डुरसको निर्णयप्रति खेद प्रकट गरे ।

यसअघि होन्डुरसका विदेशमन्त्री एडुआर्डो रेनाले देशको बढ्दो आर्थिक समस्याका कारण चीनसँग कूटनीतिक सम्बन्ध स्थापना गर्नुपर्ने बाध्यात्मक परिस्थिति उत्पन्न भएको बताएका थिए । उनले आफ्नो देशको आर्थिक आवश्यकता पूरा गर्न ताइवानले सहायता बढाउन अस्वीकार गरेपछि चीनसँग कूटनीतिक सम्बन्ध स्थापना गर्ने निर्णयमा सरकार पुगेको बताएका थिए ।

विदेशमन्त्री रेनाले ताइवानले वार्षिकरूपमा प्रदान गर्दै आएको पाँच करोड डलर अनुदानलाई एक वर्ष १० करोड गर्न तथा तिर्न बाँकी रहेको ६० करोड डलर सहुलियत ऋण पुनःसंरचनाका निम्ति गरेको आग्रहप्रति सकारात्मक जवाफ नदिएको बताएका थिए ।

होन्डुरसका जनताको आवश्यकतालाई ध्यानमा राख्दै सहायता प्रस्ताव गरिएको तर ताइवानले त्यसलाई अस्वीकार गरेको उनको कथन थियो । मध्य अमेरिकी राष्ट्र होन्डुरस यो क्षेत्रको सबैभन्दा निर्धन मुलुक हो । एक करोड जनसंख्या भएको होन्डुरसमका करिब ७४ लाख जनता गरिबीको चपेटाबाट मुक्त हुन सकेका छैनन् ।

दुई साताअघि होन्डुरसका राष्ट्रपति जिओमारा क्यास्ट्रोले विदेशमन्त्री एडुआर्डो रेनालाई जनवादी गणतन्त्र चीनसँग आधिकारिक सम्बन्ध स्थापना गर्न निर्देशन दिएका थिए । राष्ट्रपति क्यास्ट्रोले चुनावी अभियानको क्रममा आफ्नो सरकारले चीनसँग जलविद्युत् बाँध निर्माणका निम्ति वार्ता गरिरहेको घोषणा पनि गरेका थिए । *रासस/सिन्ह्वा*

# इरानद्वारा अमेरिकी आक्रमणको निन्दा

**तेहरान–** सिरियामा इरान समर्थित समूहमाथि अमेरिकाले गरेको हवाई हमलाको तेहरानले कठोर शब्दमा निन्दा गरेको छ । गत बिहीबार इरानको इस्लामिक रिभोलुस्नरी गार्डस् कर्प्ससँग सम्बद्ध समूहले प्रयोग गर्दै आएको स्थानमा अमेरिकाले हवाई हमला गरेको थियो ।

इस्लामिक स्टेटका चरमपन्थीविरुद्धको कारबाहीका निम्ति गठबन्धन सेनासँग सहकार्य गरिरहेको अमेरिकी सेनाका सदस्यलाई आवश्यक राशनपानीलगायत अन्य सरसामान आपूर्ति गर्ने ठेकेदार सोही दिन उत्तरपूर्वी सिरियास्थित अमेरिकी सेनाको आधार शिविरमा इरानमा निर्मित ड्रोन आक्रमणमा सोही दिन मारिएपछि अमेरिकाले तत्काल हवाई हमला गरेको थियो । उक्त आक्रमणमा १९ जनाले ज्यान गुमाएका युद्ध अनुगमन गर्ने संस्था सिरियन अब्जरभेटरीले बताएको छ ।

पूर्वीसिरियाको देइर एजोर र अल–बुकमालमा अमेरिकाले गरेको हवाई हमलालाई इरानले गैरसैनिक क्षेत्रमा गरिएको 'आतंकवादी आक्रमण' भनेको छ । *रासस/एएफपी*

## कोशी...

पृष्ठ १ बाट जारी

मुख्यमन्त्री कार्की र आङ्बो सवार गाडीमा यसअघि नै पहिचानवादी आन्दोलनकारीहरूले तोडफोड गर्दै आक्रमणको प्रयास गरेका छन् । नामलाई लिएर पहिचानवादीहरूको आन्दोलन यसरी हिंसात्मक बन्दै गएका बेला माओवादीकी प्रतिनिधिसभा सदस्य दुर्गा राईले आन्दोलनकारीहरूको जायज माग सम्बोधन गर्न सरकारले ढिला गर्न नहुने बताइन् । उनले दिवंगत लाजेहाङलाई सहिद घोषणा माग गर्दै उनको परिवारलाई परिपुरण र क्षतिपूर्ति दिलाउन माग गरिन् ।

उनका अनुसार प्रदेशको पुनः नामाकरणबारे सबै दल जिम्मेवार हुनुपर्छ । 'प्रदेशमा देखिएको द्वन्द्वको समाधान एउटै पार्टी र सरकारले गर्न सक्ने अवस्था छैन,' उनले बैठकमा भनिन्, 'त्यसैले सरकार र दलहरू जिम्मेवार बनोस् । चाँडोभन्दा चाँडो सम्वादमार्फत समस्याको समाधान गरियोस् ।'

प्रदेशको नाम 'कोशी' राख्न नेकपा एमाले, कांग्रेस, माओवादी र राप्रपा जिम्मेवार छन् । १७ फागुनमा एमालेका ४० जना, कांग्रेसका २९ जना, माओवादीका १३ जना र राप्रपाका छ जना गरी ८२ जना सांसदले कोशी नामसम्बन्धी प्रस्ताव पारित गरेका थिए । त्यहीँदेखि प्रदेश द्वन्द्वमा फसेको हो ।

पहिचानवादी आन्दोलनकारीहरूले प्रदेशको नाम 'किरात-लिम्बूवान' हुने माग अघि सार्दै आएका छन् । तर, अहिले प्रदेश संसद्मा प्रतिनिधित्व गर्ने दलहरूले उनीहरूको माग सुनुवाइ गर्ने छाँट देखाएका छन् ।

अर्कातिर पहिचानवादीहरू सरकारलाई चौतर्फी दबाब बढाउँदै छन् । उनीहरूले प्रदेशको नाम 'कोशी' लेखिएका सरकारी कार्यालयकै बोर्डहरू धेरै ठाउँमा तोडफोड गरिसकेका छन् ।

आइतबार इलामको चुलाचुली गाउँपालिकाको 'कोशी प्रदेश' उल्लेखित कागजातहरूले जलाइ दिएका छन् । वडादेखि स्थानीय तहसम्मका कार्यालयहरूमा ताला लगाउनेदेखि आम हट्तालसम्म गर्दै आएका छन् । आन्दोलन चर्काउँदै पहिचानवादीहरू अगाडि बढिरहँदा छिटोभन्दा छिटो नामलाई लिएर भइरहेको द्वन्द्वको व्यवस्थापनमा सांसदहरूले आवाज उठाएका हुन् ।

जनमत पार्टीका सांसद डा. चन्द्रकान्त राउत (सिके)ले पनि 'कोशी' प्रदेशमा जनभावनाभन्दा पनि अंकगणितको खेलले द्वन्द्व निम्तिएको बताए । 'कोशीमा जुन भइरहेको छ पहिचानको आन्दोलन । यसलाई सम्बोधन गर्न सरकार गम्भीर होस्,' उनले भने, 'खाली अंकगणितको खेल खेलिएको छ । जनभावना अनुसार पुनः नामाकरण होस् ।'

कोशी समस्याबारे बोल्ने माओवादीकी सांसद दुर्गा राई, जसपा सांसद अशोककुमार राई र जनमत अध्यक्ष राउत पहिचानको आन्दोलनमै छन् । तर, दुर्गा आबद्ध दल माओवादीका कोशी संसद्का सांसदहरूले भने कोशी नाममा मतदान गरेका थिए ।

यद्यपि, दुर्गाले नामबारे विमती जनाएकी हुन् । तर, कांग्रेस, एमाले, राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा)सहितका दलका सांसदहरू भने कोशी समस्याबारे मौन रहे ।


## मलेसियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : BUKIT SAGU RESOURCES SDN BHD

पूर्व स्वीकृति मिति २०७९/१२/१० LT. No. 283108 चलानी नं. ६०१९८८३०

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Palm Oil Plantation Worker | 12 | 0 | 1500 | ४४,३७० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय ललितपुरमा मिति: २०७९ चैत २० गते (3rd Apr. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | कामदार आफैंले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: नि:शुल्क/-

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**DOTI OVERSEAS PVT. LTD.** Govt. License 1294/074/075

Airport Tilganga -09, Shambhumarga, Kathmandu Tel :9851062705

E-mail : sec.dotioverseas@gmail.com, website:www.dotioverseas.com.np



## मलेशियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : GLOBECYCYLE MANUFACTURING SDN. BHD.

पूर्व स्वीकृति मिति २०७९/१२/१२ LT. No. 283294 चलानी नं. ६०१९८८१७

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Factory Worker | 20 | 0 | 1500 | ४४,७३० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०७९ चैत २० गते (3rd Apr. 2023) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कसले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको मेडिकल खर्च कसले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कसले व्यहोर्ने / कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कसले तिर्ने | कामदारलाई हवाई टिकट कसलेदिने र कति लाग्ने | भिषा शुल्क कसले व्यहोर्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैंले | बिमा हुने /प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले दिने | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु.१,५०० कामदार आफैंले सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने : नि:शुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**B.GAS FOREIGN EMPLOYMENT PVT. LTD.** श्रम ईजाजत नं. १४५५/०७४/०७५

Dhapasi-9, Basundhara Tole, Kathmandu,Tel: +997-1-4356889



## मलेसियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : YEOK SEH POULTRY INDUSTRY SDN BHD

पूर्व स्वीकृति मिति २०७९/०६/०२ पुन विज्ञापन स्वीकृति मिति : २०७९/१२/१२ LT. No. 275840 चलानी नं. ६०१९१६०५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Farm Worker | 30 | 0 | 1500 | ४४,७३० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०७९ चैत २० गते (3rd Apr. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यतवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क:नि:शुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । २) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ३) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ४) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ५) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ६) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**Gandaki Gurkhas Pvt. Ltd.** श्रम ईजाजत नं. ६३०/०६३/०६४

New Baneshwor ktm, Nepal, Tel: +977-1-4115065, 4115067, Fax: 977-1-4115024



## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : SKM AIR CONDITIONING COMPANY

पूर्व स्वीकृति मिति : २०७९/१२/१० LT No.283281 चलानी नं ६०१९८७९९

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Manufacturing Worker | 2 | 0 | 1000 | ३५,१५० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०७९ चैत १८ गते (1st Apr. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: १०,०००

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

यो विज्ञापन LT No. 283281 मिति: २०७९/१२/११ मा प्रकाशित हुनुपर्नेमा भूलबस छुट्न गएकोले आज प्रकाशित गरिएको व्यहोरा जानकारी गरिन्छ ।

**Dubai Overseas International Pvt. Ltd.** श्रम ईजाजत नं. ७५१/०६४/०६५

Maharajgunj-3, Kathmandu, Nepal Tel No:+977-15905763/015905351

Fax No: +977-4383351, Mobile: 984-5642103, Email Id: dubaioverseas2016@gmail.com



## मलेशियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : CLASSY PROJECT MANAGEMENT SDN BHD

पूर्व स्वीकृति मिति २०७९/१२/१२ LT. No. 283191 चलानी नं. ६०१८१८१२

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Factory Worker | 20 | 0 | 1500 | ४४,७३० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०७९ चैत २० गते (3rd Apr. 2023) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कसले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको मेडिकल खर्च कसले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कसले व्यहोर्ने / कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कसले तिर्ने | कामदारलाई हवाई टिकट कसलेदिने र कति लाग्ने | भिषा शुल्क कसले व्यहोर्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैंले | बिमा हुने /प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले दिने | रु.७००/- कामदार आफैंले | रोजगारदाताले दिने |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु.१,५०० कामदार आफैंले सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने : नि:शुल्क/-

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । २) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ३) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ४) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ५) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ६) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**DREAMLAND MANAGEMENT PVT.LTD.**

(FIRDOSH INTERNATIONAL OVERSEAS COMPANY PVT. LTD.) Govt. License 776/065/066

Samakhusi-29, Kathmandu, Nepal (सामाखुसी स्वीमिङ पुल अगाडि).

Tel: +977-1-4365939 4382814 Fax: +977-1-4384392

Email: firdoshinternational@gmail.com, Website: www.fiocnepal.com



## मलेसियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : HONG HONG ELECTRO PLATING SDN BHD

पूर्व स्वीकृति मिति २०७९/१२/१२ LT. No. : 283475 चलानी नं.६०१९८८२३

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Factory Worker (Manufacturing Sec.) | 15 | 0 | 1500 | ४४,७२८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०७९ चैत २० गते (3th Apr. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: नि:शुल्क/-

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**APPOLO OVERSEAS SERVICES (P) LTD.**

G.P.O. Box: 25038, Samakhushi,Townplanning, KTM

Tel : +977-1-4363648, 4364403

Email: appolooverseas111@gmail.com

Govt. License 586/062/063

www.appolooverseas.com



## मलेसियामा वैदेशिक रोजगारको अवसर

कम्पनी :FAR EAST SONG HAN PACKAGING SDN BHD

पूर्व स्वीकृति मिति:२०७९/०६/३१ पुन विज्ञापन स्वीकृति मिति २०७९/१२/१२ LT. No. 273910 चलानी नं. ६०१८९६१८

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Factory Worker | 8 | 0 | 1500 | ४४,७३० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०७९ चैत २० गते (3rd Apr. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: नि:शुल्क/-

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**आशिर्वाद ओभरसिज प्रा. लि.** Govt. License 1211/073/074

बसुन्धारा, काठमाडौं, नेपाल फोन नं. +९७७-१-४९८४६३०, ५९०१५८६

फ्याक्स ०१-४३८४५५० मोबाइल नं. ९८५१०६७३५१ ९८०११३०८९२ र ९८६६९९९९२९

इमेल : hraashirbad@gmail.com Website : www.aahirbadovs.com



## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : PASSION FOR COFFEE ESTABLISHMENT TO SERVE DRINKS

पूर्व स्वीकृति मिति २०७९/03/१९ पुन विज्ञापन स्वीकृति मिति २०७९/१२/१२ LT. No. 266475 चलानी नं. ६०१८२४०१

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Coffee Maker | 2 | 0 | 1500 | ५२,७२५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०७९ चैत २० गते (3rd Apr. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यतवस्था: रू. १,५००/- कामदार आफैंले सेवा शुल्क: १०,०००/-

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**Al Kausar Human Resource Pvt.Ltd.** (Makawanpur Overseas Pvt. Ltd.)

श्रम ईजाजत नं.११४२/०७३/०७४ Gairigaun - Tinkune, Kathmandu, Nepal Tel: +977 1 4442794, E-mail : alkausar.hrm@gmail.com

# अर्थ बजार

आजको मूल्य

| छापावाला सुन | तेजाबी सुन | चाँदी |
| --- | --- | --- |
| प्रति तोला – १०९२०० | प्रति तोला – १०८७०० | प्रति तोला – १३७० |



**सिन्धुलीको चियाबारी** | **बिपी राजमार्ग सञ्चालमा आएपछि फेरिएको सिन्धुलीको कमलामाई नगरपालिका–२ स्थित चियाबारी । राजमार्ग दायाँबायाँ बस्तीको विकास भएसँगै स्थानीयवासीले सुरुआत गरेको व्यापार, व्यवसाय फस्टाउँदै गएको छ ।** *तस्बिरः राधिका बुढाथोकी/रासस*

# पहिला विमानस्थल पुग्ने सडक मर्मत गर्नूस् : मन्त्री श्रेष्ठ

■ **प्रभाव संवाददाता**

**काठमाडौं–** उपप्रधानमन्त्री एवं भौतिक पूर्वाधार तथा यातायातमन्त्री नारायणकाजी श्रेष्ठले लैनचौर-बालाजु-त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलसम्मको सडक पहिला मर्मत गर्न निर्देशन दिएका छन् । काठमाडौं उपत्यका भित्रका सडकहरू गुणस्तरीय हुनुपर्नेमा जोड दिँदै उनले विशेष योजना बनाएर सडकहरूको स्तरउन्नती गर्न निर्देशन दिएका हुन् ।

सडकसँग सम्बन्धित निकायहरूको उच्चस्तरीय समन्वयात्मक बैठकमा मन्त्री श्रेष्ठले भने, 'विशेषत लैनचौरदेखि बालाजुसम्म र केशरहमहल हुँदै एपोर्टसम्मको सडक स्तरोन्नतीका लागि तत्काल ठोस योजना बनाउनुपर्‍यो ।' उनले काठमाडौं उपत्यकाका सडकको अवस्थाबारे जानकारी लिँदै समस्या देखिएका ठाँउमा प्रभावकारी योजना बनाउन निर्देशन दिएका हुन् । उनले भने, 'जनताले कर तिरेका छन् । तर सरकारले राम्रो सडकसमेत उपलब्ध गराउन सकेको छैन । सडकका कारण जनताले सधैं दुःख पाउने स्थितिबाट हामीमाथि उठ्नुपर्छ ।' सम्बन्धित निकायबीचको समन्वय गरेर गरेर गुणस्तरीय सडक बन्नुपर्नेमा उनको जोड थियो ।

नयाँ सडकमा अनिवार्यरूपमा नयाँ ढङ्गले जानेगरी सम्झदारी गर्नुपर्नेमा जोड दिँदै मन्त्री श्रेष्ठले भने, 'नयाँ बनेका सडकमा अनिवार्यरूपमा एकैपटक एउटा मोडालिटी विकास गरेर काम गर्नपर्छ, सम्बन्धित निकायबीच सम्झादारी गर्नुहोस् ।' उनले बनिसकेका ठाँउमा यथावत समस्या तत्काल हल गर्न प्रभावकारी योजना बनाउनपर्ने बताए । सडक मर्मत सम्भार, विस्तार र निर्माणमा सधैंजसो दोहोरीने समस्या हल गर्नका



लागि 'युटीलिटि करिडोर' को अवधारणाबारे मन्त्रालय र प्रधानमन्त्रीसँग समेत छलफल भएको मन्त्री श्रेष्ठले जानकारी दिए ।

उनले सडक निर्माणको जिम्मेवारी पाएकालाई आवश्यकताअनुसार सहयोग गर्न र समयमा काम सम्पन्न नगर्ने निर्माण व्यवसायीलाई कारबाही अघि बढाउनसमेत निर्देशन दिए । बैठकमा सडकसँग सम्बन्धित विभिन्न आठ निकायका प्रतिनिधिको सहभागिता थियो । बैठकमा सडक विभागअन्तर्गतका राष्ट्रिय राजमार्ग एवं सहरी तथा सहायक राजमार्ग सडक, नेपाल विद्युत् प्राधिकरणले स्वीकृति पाएको १५ वटा सडक र आयोजना कार्यान्वयन निर्देशनालयले स्वीकृति पाएको १८ वटा सडकको अवस्थाबारे छलफल गरिएको थियो ।

उक्त अवसरमा मन्त्रालयका सचिव केशवकुमार शर्माले सडकको दुरअवस्थाले सर्वसाधारणलाई सास्ती पुऱ्याएको बताउँदै सम्बन्धित निकायको ध्यानाकर्षण गराए । उनले भने, 'समयमा सडक मर्मत नहुँदा राष्ट्रिय बेइज्जत भइसक्यो । सबै निकायले समन्वय बढाउन आवश्यक छ । दोषारोपण र दोहोरोपनमा समय खर्चनु हुँदैन ।'

विद्युत् प्राधिकरणका कार्यकारी निर्देशक कुलमान घिसिङ्ले समयमा काम सम्पन्न गर्न नसकेको स्वीकार गर्दै भूमिगत तार व्यवस्थापनको जटिलता बुझ्न आग्रह समेत गरे । उनले भने, 'निर्माण व्यवसायीहरूले विभिन्न बहानामा काम गर्न नसकेको कारण देखाइरहेका छन् । प्राधिकरणले कतिपय ठाँउमा समयमा काम सम्पन्न गर्न सकेको छैन । तर भूमिगत तार व्यवस्थापनका प्राविधिक जटिलताहरू धेरै छन् ।' उनले सडक निर्माणको कामलाई द्रुतगतिमा सम्पन्न गर्न प्राधिकरण सधैं तयार रहेको बताए ।

आयोजना कार्यान्वयन निर्देशनालयका निर्देशक राजेन्द्र सापकोटाले पनि समन्वय बढाएर काम सम्पन्न गर्न तयार रहेको बताए । काठमाडौं उपत्यका खानेपानी लिमिटेडका उपमहाप्रवन्धक डिपी चापागाईंले विद्यमान रणनीति परिवर्तन गरेर निर्माण कार्यलाई अगाडि बढाउनुपर्ने धारणा राखे ।

सङ्घीय सडक सुपरिवेक्षण तथा अनुगमन कार्यालयले काठमाडौं उपत्यकाभित्र मुख्य र अन्य सड्कमा काठमाडौं उपत्यका खोनेपानी लिमिटेडका कारण धेरै समस्या देखिएको जनाएको थियो । अनुगमन कार्यालयका अनुसार पानीको 'लिकेज'का कारण समयमा सडक मर्मतसम्भार गर्न समस्या र मर्मत गरिएका सडकमा समेत बारम्बार समस्या दोहोरिने गरेको छ ।

अनुगमन कार्यालयका अनुसार आयोजना कार्यान्वयन निर्देशनालयले बिना स्वीकृति सडक खन्ने र पाइपलाइन सम्बन्धी काम समयमा सम्पन्न नगर्ने गरेको पाइएको हो । यस्तै विद्युत् प्राधिकरणले तार व्यवस्थापन नगर्दा सड्क क्षति र दुर्घटनाको जोखिम बढाएको समस्याबारे छलफल भएको थियो ।

बैठकमा सम्बन्धित सबै निकायले समयमा काम सम्पन्न गर्न नसक्नुका कारणबारे समेत छलफल भएको थियो । बैठकले सम्बन्धित निकायबीच समन्वय बढाउने र सम्झदारीमा नयाँ बनेका सडकका लागि मोडालिटी तयार गर्ने निर्णय गरेको छ । लैनचौर-महाराजगञ्ज तथा लैनचौर-सोह्रखुट्टे -बालाजु चोक सडक आवधिक मर्मत गर्न कठिनाइबारे विश्व बैंक, मन्त्रालय र विभागसँग छलफल गर्ने निर्णय गरिएको छ । यस्तै, काठमाडौं उपत्यकाका सबै सडकको एकीकृत तथ्यांक प्रणाली तयार गर्ने र बल्खु तरकारी बजारको सडक कालोपत्रे गर्नेसम्बन्धी बजार व्यवसायी समितिलाई पत्राचार गर्ने लगायतका निर्णय भएको छ ।

# नेप्सेमा उच्च अंकको गिरावट

■ **प्रभाव संवाददाता**

**काठमाडौं–** साता कारोबारको पहिलो दिन नेपाल स्टक एक्सचेञ्ज (नेप्से) परिसूचकमा उच्च अंकको गिरावट देखिएको छ । नेप्से परिसूचक आइतबार २६ दशमलव ८५ अंकले घटेर एक हजार आठ सय ८८ दशमलव २९ अंकमा कायम भएको छ ।

दुई सय ५९ कम्पनीको ३७ लाख ५४ हजार तीन सय ३४ कित्ता सेयर ३२ हजार एक सय ६८ पटक खरिद बिक्री हुँदा रू एक अर्ब २८ करोड ९३ लाख ७१ हजार बराबरको कारोबार भएको छ । सबै समूहको उपसूचक घटेको छ । सबैभन्दा धेरै लघुवित्त समूहको उपसूचक एक सय ३३ दशमलव ९१ अंक र निर्जीवन बिमा समूहको उपसूचक ९९ दशमलव १५ अंकले घटेको छ ।

बैंकिङ समूह १७ दशमलव ५७, विकास बैंक समूह ५३ दशमलव ४३, वित्त समूह १८ दशमलव ८९, होटल तथा पर्यटन समूह १२ दशमलव ५२ र जलविद्युत् समूह २४ दशमलव १९ अंकले घटेको छ । त्यस्तै लगानी समूह शून्य दशमलव ६४, जीवन बिमा समूह ८३ दशमलव ०१, उत्पादन समूह ८७ दशमलव ३०, म्युचुअल फन्ड शून्य दशमलव ६५, व्यापार समूह ४३ दशमलव ७८ र अन्य समूह तीन दशमलव ९९ अंकले घटेको छ ।

मायाखोला जलविद्युत् कम्पनी लिमिटेड र एसियन हाइड्रोपावर लिमिटेडको सेयर मूल्यमा सकारात्मक सर्किट लागेको छ भने चार लघुवित्त कम्पनीको सेयर मूल्यमा नकारात्मक सर्किट लागेको छ । नेप्सेकाअनुसार जीवन विकास लघुवित्त वित्तीय संस्था लिमिटेड, जालपा सामुदायिक लघुवित्त वित्तीय संस्था लिमिटेड, युनिक नेपाल लघुवित्त वित्तीय संस्था लिमिटेड र महिला लघुवित्त वित्तीय संस्था लिमिटेडको सेयर मूल्यमा नकारात्मक सर्किट लागेको हो ।

सबैभन्दा धेरै हिमालयन डिस्ट्रिलरी लिमिटेडको रू आठ करोड ६२ लाख ८८ हजार बराबरको कारोबार भएको छ । कारोबार भएका सेयर सफ्याका आधारमा भने एनआइसी एसिया ग्रोथ फन्डको एक लाख २३ हजार तीन सय कित्ता सेयर खरिद बिक्री भएको छ ।

# हवाई सुरक्षाप्रति आक्रामक बन्दै प्राधिकरण

■ **सिबी अधिकारी**

**काठमाडौं–** पछिल्ला दिनमा एकपछि अर्को हवाई सुरक्षासँग जोडिएका घटना सार्वजनिक भइरहेका बेला नियामक निकाय नेपाल नागरिक उड्डयन प्राधिकरण मुलुकको हवाई सुरक्षा सुदृढिकरणका लागि आक्रामक रूपमा प्रस्तुत भएको छ । स्वदेशी तथा विदेशी वायुसेवा कम्पनीको उडानमा लापरवाही, हवाई सुरक्षा पालनामा देखिएको हेलचेक्र्याइलाई मध्यनजर गर्दै प्राधिकरणले हवाई सुरक्षामा विशेष चासो देखाएको हो ।

मुलुकमा बढ्दो हवाई सुरक्षामा देखिएका जोखिमीलाई मध्यनजर गरी प्राधिकरणले विभिन्न तवरले सुक्ष्म निगरानी बढाएको प्राधिकरणका प्रवक्ता जगन्नाथ निरौलाले बताए । 'हवाई सुरक्षाका विषयमा प्राधिकरणले सुक्ष्म निगरानी गरिरहेको छ । हवाई सुरक्षामा लापरबाही गर्ने वायुसेवा कम्पनी र संलग्नलाई आवश्यक कारबाही पनि भइरहेको छ,' उनले भने ।

हवाई क्षेत्रको 'सेफ्टी' र 'सेक्युरिटी'प्रति सचेत हुँदै प्राधिकरणले उडान सुरक्षा उल्लङ्घन गर्नेलाई कानुनी दायरामा ल्याइरहेको प्रवक्ता निरौलाले उल्लेख गरे । संस्कृति, पर्यटन तथा नागरिक उ•यनमन्त्री सुदन किराँतीले हवाई उडानलाई सुरक्षित र भरपर्दो बनाउन पटक-पटक निर्देशन पनि दिँदै आएका छन् ।

शनिबार पत्रकारसँगको अन्तरक्रियामा पनि उनले हवाई सुरक्षाप्रति कुनै किसिमको कमिकमजोरी हुन नदिन आफूले सम्बन्धित निकायका अधिकारीलाई बारम्बार ध्यानाकर्षण गराइरहेको बताएका थिए ।

यसैबीच प्राधिकरणले नेपाल वायुसेवा निगम (नेपाल एयरलाइन्स) सँग आकासमै ठोकिनबाट जोगिएको एयर इण्डियाको जहाजको सम्बन्धमा छानबिन गर्ने भएको छ । प्राधिकरणले उक्त घटनामा संलग्न एयरलाइन्समाथि छानबिन गरिने प्राधिकरणका प्रवक्ता निरौलाले बताए ।

गत शुक्रबार नेपाल एयरलाइन्सको जहाज मलेसियाको क्वालालम्पुरबाट काठमाडौंस्थित त्रिभुवन विमानस्थल आउँदै थियो । सोही समय दिल्लीबाट काठमाडौंका लागि उडेको एयर इण्डियाको जहाज १९ हजारको फिटको उचाइबाट उडिरहेको थियो । एयर ट्राफिक कन्ट्रोलर (एटीसी) को अनुमतिबिना नै एयर इण्डियाको जहाज एक्कासि १५ हजार फिटमा झर्दा नजिकै रहेको नेपाल एयरलाइन्सको जहाजसँग झन्डै ठोक्किन पुगेको थियो । लगत्तै नेपाल एयरलाइन्सले उडान केही फिट डाउन गरेकाले दुर्घटना हुनबाट बचेको थियो । उनका अनुसार उक्त घटनाप्रति प्राधिकरणको ध्यानाकर्षण भएको र घटनामा एयर इण्डियाका तर्फबाट देखिएको लापरबाहीका सम्बन्धमा छानबिन गर्न एक समिति गठन गरिएको छ ।

जतिसक्दो छिटो अध्ययन गरी प्रतिवेदन पेस गर्न उक्त समितिलाई निर्देशन दिइएको छ । यसअघि फागुन १५ गते पनि कतारको दोहाबाट काठमाडौं आउँदै गरेको कतार एयरवेज र मलेसियाको क्वालालम्पुरबाट काठमाडौं आउँदै गरेको नेपाल एयरलाइन्सको जहाज आकाशमै ठोकिनबाट बचेका थिए । उक्त घटनामा आन्तरिक उडानमा रहेको बुद्ध एयरको जहाज पनि जोखिएको थियो ।

यही चैत ९ गते प्राधिकरणले काठमाडौं-लुक्ला उडानका क्रममा टावरमा रहेका एयर ट्राफिक कन्ट्रोलर ( एटीसी) सँग अपशब्द बोल्ने अन्नपूर्ण हेलिकप्टरका एक पाइलटलाई निलम्बन गरेको थियो । त्यसैगरी उडान सुरक्षा मापदण्ड उल्लंघन गर्ने थप दुई हेलिकप्टर कम्पनी क्रमशः एयर डाइनेस्टी र फिस्टेल एयरका पाइलटलाई पनि निलम्बन गरिएको थियो ।

यसअघि यही चैत ७ गते प्राधिकरणले वायुसेवा निगमको ट्वीनओटर जहाजका चालकदलसहित सात जनालाई निलम्बन गरेको थियो । ताप्लेजुङबाट काठमाडौंका लागि उडान भरेको निगमको नाइन एन एबीटी बिमानमा लोड सिट क्षमताभन्दा एक सय पाँच केजी बढी सामान बोकेको सूचना पाएपछि प्राधिकरणले जाँच गर्दा कागजमा देखाइएको भन्दा बढी तौल भेटिएकाले उडान अनुशासन पालना नगर्ने जहाजका चालकदलका सदस्यसहित बिमान ग्राउण्डेड गरिएको प्राधिकरणले उल्लेख गरेको छ ।

चालक दलका तीन सदस्य, निगमका मार्केटिङ कर्मचारी र डिसप्याचरसहित सात जनालाई निलम्बन गर्नाका साथै घटनाबारे आवश्यक छानबिन गरिने प्राधिकरणले जनाएको छ । त्यसैगरी गत फागुन २५ गते काठमाडौंबाट भैरहवा उडेको श्री एयरलाइन्सको जहाजको इञ्जिनमा आगोको संकेत देखिएपछि आकस्मिक अवतरण गरिएको थियो ।

श्री एयरलाइन्सको उडान नं. ८२१ को जहाजको इञ्जिनमा 'फायर वर्निङ' देखिएपछि बिचबाटै डाइभर्ट गरेर काठमाडौंमा आकस्मिक अवतरण गरिएको हो । घटनालगत्तै प्राधिकरणले उक्त एयरलाइन्सका उडानमा रहेका सबै जहाज एक दिन ग्राउण्डेड गरी जाँच गराएपछि भोलिपल्ट जहाज पुनः उडानका लागि अनुमति दिएको थियो ।

यसरी हवाई सुरक्षा पालनामा लापरबाही गर्ने र आचरण विपरीत काम गर्ने बिमान कम्पनी र संलग्न पाइलटलाई कानुनी दायरामा ल्याउन प्राधिकरण आक्रामकरूपमा प्रस्तुत भएको हो । मुलुकको हवाई सुरक्षा संवेदनशीलतालाई मध्यनजर गर्दै उडान सुरक्षालाई सुदृढ र प्रभावकारी तुल्याउन लागि परेको प्राधिकरणले जनाएको छ । *रासस*

**शौचालयको प्रयोग गरौं, संक्रमणबाट जोगिऔं**

- खुल्ला स्थानमा दिसापिसाब नगरौं ।
- शौचालयमा मात्र दिसापिसाब गरौं ।
- दिसापिसाब गरिसकेपछि साबुनपानीले मिचिमिची हात धोऔं ।
- हत्केला पछाडि, औंलाको बीच, नङलगायत हातका सबै भागमा कम्तिमा २० सेकेण्डसम्म राम्रोसँग साबुन लगाएर सफा पानीले हात धोऔं ।
- सफा कपडा वा तौलियाले हात पुछौं ।

**जीवाणुलगायतको संक्रमणबाट आफू पनि बचौं, अरूलाई पनि बचाऔं ।**

नेपाल सरकार
विज्ञापन बोर्ड

अब मात्र एक क्लिकमा...
www.prabhabonline.com
facebook
www.facebook.com/Prabhab Online
प्रभाव दैनिक

**प्रभाव पब्लिकेसन प्रा.लि.**द्वारा प्रकाशित **मुद्रण**: एक्सप्रेस कलर प्रेस, **कार्यालय**: काठमाडौं–७, सिफल, नेपाल फोन नं.: ०१-४३७३५७७, ०१-४५८४३६८, इमेल: prabhabdailynews@gmail.com, **विज्ञापनका लागि**: marketing2prabhab@gmail.com, **प्रबन्ध निर्देशक**: कृष्णबहादुर कार्की, **सम्पादक**: विष्णु तामाङ